सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय र मातहतका कार्यालयबाट सञ्चालन हुने प्रशासन तथा योजना महाशाखा अन्तरगत सञ्चालन हुने कार्यक्रम तथा बजेट कार्यान्वयन

मापदण्ड, २०८२

माननीय मन्त्रीस्तरीय निर्णयबाट मिति २०८२/०५/०६ मा स्वीकृत।

आ.व.२०८२/०८३

गण्डकी प्रदेश सरकार

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय पोखरा, नेपाल

बिषयसूची

खण्डः एक ५

१. परिचय तथा उद्देश्य ५

१.१ पृष्ठभूमिः ५

१.२ प्रशासन, योजना तथा अनुगमन महाशाखाको कार्यविवरण ५

१.३ उद्देश्यः ६

१.५ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था : ६

१.६ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरुः ७

१.७ निरीक्षण अनुगमन प्रतिवेदन सम्वन्धी : ९

१.८ कार्यक्रम कार्यान्वयन मापदण्ड परिमार्जन/संशोधन सम्वन्धी ९

खण्डः दुइ मापदण्ड १०

१ योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धी सरोकारवालाहरुबीच प्रदेशस्तरीय कार्यशाला, २०८२ .... १०

२ श्रमिक तथा बैदेशिक रोजगारीमा गएका श्रमिकहरुका परिवारहरुलाई वित्तीय साक्षरता अभियान कार्यक्रम, २०८२ .... १२

३ सुरक्षित आप्रवासन सम्बन्धी (सूचना परामर्शकर्ता, रिटर्नी स्वयंसेवक तथा अन्य कर्मचारी) क्षमता विकास कार्यक्रम, २०८२ .... १३

४ सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी जिल्लास्तरीय समीक्षा तथा समन्वय बैठक, २०८२ .... १५

५ ट्रान्सपरेन्सी इन्टरनेशनलसंगको सहकार्यमा सुशासन प्रवर्द्धन सम्वन्धी कार्यशाला, २०८२ .... १६

६ मिडियासँग सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, २०८२ .... १८

७ वैदेशिक रोजगारी सम्बन्धी सचेतनामूलक अन्तरक्रिया कार्यक्रम १९

८ स्थानीय तहका रोजगार संयोजकहरुसँग रोजगार विनिमय सेवा/रोजगार पोर्टल सञ्चालन सम्बन्धी अन्तरक्रिया कार्यक्रम २०

९ रोजगारदाता, मजदुर ट्रेड युनियन तथा रोजगारसँग सम्बन्धित सरोकारवाला निकायहरुसँग रोजगार विनिमय सेवा/रोजगार पोर्टल सम्बन्धी अन्तरक्रिया कार्यक्रम २३

१० महिला उद्यमीहरुको लागि रोजगार विनिमय सेवा सम्बन्धी सचेतनामूलक कार्यक्रम २५

११ वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरुको पुनःएकीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम २७

१२ छोटो तथा लामो अवधिको व्यावसायिक तथा सिपमूलक तालिम सञ्चालन सम्बन्धी मापदण्ड, २०८२ २९

खण्ड तीन अनुसूची ३६

अनुसूची -१ .... ३६

अनुसूची -२ .... ३८

अनुसूची -३ .... ४०

अनुसूची -४ .... ४२

अनुसूची -५ .... ४४
अनुसूची ६ .... ४५
अनुसूची-७ .... ४६

खण्डः एक

१. परिचय तथा उद्देश्य

१.१ पृष्ठभूमिः

नेपालको संविधानले एकात्मक शासन पद्धति रहेको नेपाललाइ संघय संरचनामा परिणत गरी संघ प्रदेश र स्थानीय सरकारको व्यवस्था गरेको छ। प्रदेशमा प्रदेश सरकार रहने व्यवस्था अनुसार सात वटै प्रदेशमा प्रदेश सरकार मातहत विभिन्न मन्त्रालयहरुको स्थापना गरिएको छ ।

प्रदेश एवम् स्थानीय तहको बिचमा कार्यक्रम कार्यान्वयनमा समन्वय, सहकार्य तथा साझेदारी अभिवृद्धि गर्दै एकरूपता र प्रभावकारिता कायम गर्न, कार्यक्रमले तोकेको लक्ष्य प्राप्त गर्ने गरी स्रोत परिचालन गर्न, तोकिएको शीर्षक तथा क्रियाकलापमा खर्च गर्ने वातावरण निर्माण गरी स्रोतको अधिकतम उपयोगका लागि सहजीकरण गर्न, आर्थिक अनुशासन कायम गरी तोकिएका शीर्षकहरूमा नियमानुसार खर्च गर्न, स्वीकृत कार्यक्रमका अवधारणा, उद्देश्य, प्रक्रिया तथा रणनीतिहरूका सम्बन्धमा प्रदेश र स्थानीय तह तथा विद्यालय तहसम्मका सबै सरोकारवालालाई परिचित गराई कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सघाउ पुऱ्याउनका लागि यो "कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८२" तयार गरिएको छ।

गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रमले समाजका श्रम तथा रोजगार क्षेत्रमा आबद्ध श्रमिक, रोजगारदाता र श्रम तथा रोजगारसँग सम्बन्धित सरोकारवाला निकायहरुको सचेतना तथा क्षमता विकास गर्नको लागि विविध कार्यक्रम उनीहरुकै प्रत्यक्ष सहभागिता सञ्चालन गर्ने विषयलाई विशेष प्राथमिकता दिइएको छ ।

गण्डकी प्रदेश सरकारबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि,२०८१ को दफा ४१ अनुसार मन्त्रालयले बार्षिक विकास तथा कार्यक्रमको कार्यान्वयन गर्न यस कार्यविधि वमोजिम आवश्यक मापदण्ड बनाई मन्त्रीस्तरीय निर्णयले कार्यान्वयन गर्न सक्नेछ भन्ने प्रावधानको अधीनमा रही सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयको आ.व.२०८२/०८३ को स्विकृत बार्षिक कार्यक्रम र वजेट कार्यान्वयन गर्न गराउन यो वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड २०८२ तयार गरी स्वीकृत गरिएको छ ।

१.२ प्रशासन, योजना तथा अनुगमन महाशाखाको कार्यविवरण

प्रशासन, योजना तथा अनुगमन महाशाखा अन्तर्गतको शाखाहरुको कार्यविवरण यस प्रकार रहेको छ

क) प्रशासन, योजना तथा अनुगमन शाखा

१. मन्त्रालय अन्तर्गतका कर्मचारीहरुको नियुक्ति ।
२. मन्त्रालय अन्तर्गतका कर्मचारीहरुको सरुवा तथा बढुवा ।
३. मन्त्रालय अन्तर्गतका कर्मचारीहरुको विभागीय कारबाही ।
४. मन्त्रालय अन्तर्गतका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी कार्य ।
५. मन्त्रालयका कार्यक्रमहरुको योजना, तर्जुमा, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य ।
६. मन्त्रालयको स्टोर, सरकारी सम्पत्तिको संरक्षण सम्बन्धी कार्य ।
७. माननीय मन्त्रीज्यूको सचिवालय सम्बन्धी कार्य ।
८. सूचना तथा प्रविधिको विकास सम्बन्धी कार्य ।

९. दर्ता चलानी र अन्य शाखालाई नतोकिएका भैपरी आउने कार्य ।

ख) श्रम तथा रोजगार शाखा

१. रोजगार प्रबर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गर्ने ।

२. श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र नियमन गर्ने ।

३. श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति, योजना तयार गरी कार्यान्वयन गर्ने ।

४. औधोगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपणको व्यवस्था मिलाउने ।

५. कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमनको कार्यहरु गर्ने

६. सिप विकास तालिमको आवश्यकता पहिचान गरी सञ्चालनको व्यवस्था मिलाउने ।

७. श्रम तथा रोजगारसँग सम्बन्धित अन्य कार्यहरु गर्ने ।

ग) आ र्थक प्रशासन शाखा

१. मन्त्रालयको वार्षिक बजेट तयार गर्ने,

२. मन्त्रालय सम्बद्ध तथा मातहतका निकायहरुलाई प्रदान गरिने चालु तथा पूँजिगत बजेट निकासा तथा अन्तर निकाय समन्वय सम्बन्धी कार्य गर्ने,

३. प्रशासन शाखाको सहयोग लिई कर्मचारीको तलबी प्रतिबेदन पारित गरी तलब भत्ता उपलब्ध गराउने,

४. बजेट निकासा, खर्च तथा लेखा नियन्त्रण सम्बन्धी कार्य,

५. खर्चको श्रेश्ता राखी लेखा परीक्षण, बेरुजु फछ्यौट सम्परीक्षण गर्ने गराउने,

६. विनियोजित बजेट अधीनमा रही अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा खर्च गर्ने,

७. भए गरेको खर्चको अभिलेखीकरण गर्ने,

८. आर्थिक प्रशासन शाखासँग सम्बन्धित अन्य कार्यहरु गर्ने ।

१.३ उद्देश्यः

- आ.व. २०८२/०८३ को वार्षिक विकास कार्यक्रमहरु सहज र सरल तरिकाले कार्यान्वयन गर्नु,
- कार्यक्रम कार्यान्वयन तथा अनुगमनमा एकरुपता, प्रभावकारीता र गुणस्तरीयता कायम गर्नु,
- कार्यक्रम कार्यान्वयनमा आर्थिक अनुशासन, पारदर्शिता तथा मितव्ययिता कायम गर्नु,

१.५ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था :

कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, भ्रमण खर्च नियमावली २०६४, गण्डकी प्रदेशद्वारा स्वीकृत खर्चको मापदण्ड २०७९, श्रम तथा रोजगार नीति २०७८ व्यवस्थापन तथा सहभागिता सम्बन्धी कार्यविधि, २०७९, गण्डकी प्रदेश, आर्थिक मामिला मन्त्रालयबाट जारी भएको आ. व. २०८२।०८३ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी

एकीकृत कार्यविधि २०८१ र गण्डकी प्रदेश विनियोजन ऐन २०८२ मा भएको व्यवस्था बमोजिम हुनेछ । प्रचलित कानुनसँग यो मापदण्ड बाझिएमा बाझिएको हदसम्म प्रचलित कानुन लागू हुनेछ ।

१.६ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरु:

१.६.१ कार्यक्रम कार्यान्वयन सम्बन्धी:

१. हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यो मापदण्ड अध्ययन गर्नुपर्नेछ ।

२. यस मापदण्डमा उल्लिखित कुरालाई पालना गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार कर्मचारीको हुनेछ।

३. कार्यक्रम शुरु गर्नु पूर्व कार्यालयमा बैठक बसी कार्यक्रम सञ्चालन प्रकिया, सहभागी सङ्ख्या, श्रोत व्यक्ति पहिचान गरी कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

४. कार्यक्रम सञ्चालन गर्दा कार्यालय प्रमुख, लेखा प्रमुख र कार्यक्रमको जिम्मेवारी प्राप्त कर्मचारीको समन्वयमा सञ्चालन गर्नु पर्नेछ ।

५. प्रस्ताव सङ्कलन तथा मूल्याङ्कन गरी कार्यान्वयन गर्नुपर्ने कार्यक्रमको हकमा प्रचलित कानुनमा तोकिए बमोजिम बाहेक **कम्तिमा २१ (एक्काइस) दिनको** सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

६. यस मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्दा गण्डकी प्रदेश सरकारबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिकाको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय भएका कार्यविधि, मापदण्ड र निर्देशिकालाई आधार मानी सञ्चालन गर्नु पर्नेछ ।

७. कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रमको प्रकृतिको आधारमा वाह्य विज्ञ परिचालन गर्नुपर्ने अवस्थामा सूचीकृत विज्ञहरूमध्येबाट आवश्यकता अनुसार परिचालन गर्न सकिनेछ ।

८. कार्यालयले कार्ययोजना बनाई सोही बमोजिम तोकिएको मासिक वा त्रैमासिक अवधि भित्र कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। यदि समयमा कुनै कार्यक्रम सञ्चालन गर्न नसकिएमा कारण सहित समयमै मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ।

९. गण्डकी प्रदेश, आर्थिक मामिला मन्त्रालयबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८२/८३ को पूर्ण पालना गर्नुपर्नेछ। सार्वजनिक खर्चमा मितब्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७९ समेत अनुसरण गर्नुपर्नेछ।

१०. यस मापदण्डमा अन्यत्र जेसुकै लेखिएको भए पनि स्वीकृत वार्षिक कार्यक्रमहरू सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन, गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७९, भ्रमण खर्च नियमावली २०६४ को परिधिभित्र रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

११. संघीय सशर्तका कार्यक्रममा समावेश भएका कार्यक्रम तथा बजेट कार्यान्वयन सोही बमोजिम हुनेछ।

१२. भौगोलिक सन्तुलनका साथै लक्षित वर्ग लाभान्वित हुने गरी आवश्यकताका आधारमा कार्यक्रम वितरण तथा सञ्चालन गर्नुपर्नेछ ।

१३. कार्यक्रमको मुख्य मुख्य उपलब्धि सहित भौतिक तथा वित्तीय प्रगति विवरण त्रैमासिक र वार्षिक रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ।

१४. यस मापदण्डमा निर्धारित कार्यक्रमहरू कार्यान्वयनका लागि मन्त्रालयले मातहतका निकायलाई जिम्मेवारी दिन सक्नेछ ।

१५. यस मापदण्डको विषयवस्तु वा कुनै विषयमा अस्पष्ट भएमा मन्त्रालयसँग सम्पर्क गरी स्पष्ट हुनुपर्नेछ ।

१६. मन्त्रालय र मातहतका निकायहरूवाट अनुदान प्राप्त गर्ने विद्यालय, क्याम्पस तथा अन्य संघ संस्थाहरूले बिल भरपाई र स्रेस्ता अद्यावधिक रुपमा राखी नियमानुसार बार्षिक लेखा परीक्षण गराउनुपर्नेछ ।

१.६.२ वत्तीय व्यवस्थापन सम्वन्धी :

१. सार्वजनिक खरिद कार्य प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ तथा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४, बमोजिम गर्ने।

२. एक बजेट उपशीर्षकमा विनियोजन भएको रकम अर्को बजेट उपशीर्षकमा खर्च नगर्ने, स्वीकृत नर्म्सको परिधिभित्र रहेर कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेख गरिएका आधार र प्रक्रिया अनुरूप खर्च लेख्ने व्यवस्था मिलाउने,

३. आर्थिक कारोबारको लेखाङ्कन गर्दा सक्कल बिल भरपाई लगायत आवश्यक कागजात संलग्न राखी अभिलेखन गर्ने व्यवस्था मिलाउने। भौतिक निर्माण सम्बन्धी कार्यहरू सम्पन्न भए पश्चात कार्यसम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी दिने,

४. अनुदानका रूपमा प्राप्त बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा उल्लेखित खर्च गर्ने मापदण्ड (Norms) का आधारमा मात्र गर्ने,

५. कार्यक्रमहरूको भुक्तानी गर्दा दोहोरोपन नभएको सुनिश्चित गरेर मात्र भुक्तानी गर्ने (दै.भ्र.भ/ कार्यक्रम/अनुदान आदि),

६. मन्त्रालय मातहतका निकाय/कार्यालयहरूले एकीकृत त्रैमासिक प्रगति प्रतिवेदन त्रैमासिक अवधि समाप्त भएको ५ दिनभित्र मन्त्रालयमा अनिवार्य रूपमा पठाउनुपर्नेछ,

७. प्रदेश सरकार/स्थानीय तहले वित्तीय हस्तान्तरण भएको ससर्त अनुदानका कार्यक्रमको महालेखा परीक्षक कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने छ। साथै लेखा परीक्षणबाट औंल्याइएका बेरुजुको समयमै फछ्र्यौट तथा सम्परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालयको हुनेछ,

८. स्थानिय तहभित्र कार्यान्वयन हुने बिभिन्न कार्यक्रमहरुको जानकारी कार्यक्रम कार्यान्वयन पूर्व नै सम्बन्धित स्थानिय तहलाई दिने र स्थानीय तहबाट समेत अनुगमन गर्ने व्यवस्था मिलाउने,

९. मन्त्रालय तथा मातहतका कार्यालयहरूबाट कार्यक्रम कार्यान्वयन गर्दा भुक्तानीका लागि आवश्यक अनिवार्य कागजातहरूको सूचीः

क. क्षमता विकास, अभिमुखीकरण तथा सहजीकरण लगायतका कार्यक्रम

- सहभागीहरूको उपस्थिती विवरण,
- सहभागीताको पत्र,
- स्वीकृत भ्रमण आदेश,

- सहभागीहरूको दैनिक तथा भ्रमण खर्च, यातायात खर्च/ईन्धन खर्चको विल र भरपाई,
- सहजकर्ता, संयोजक, प्रतिवेदक, सहयोगीको हाजिरी र भरपाई,
- हल भाडा, खाना, खाजा, स्टेशनरी, मसलन्दसँग सम्बन्धित बिल भरपाई,
- सहजकर्ताको प्रस्तुतीकरण कार्यपत्र (Word File/ प्रति सेसन ७५० शव्द नघटाई),
- कार्यक्रमको कार्यतालिका,
- कार्यक्रम सम्पन्न प्रतिवेदन,
- म.ले.प. फारम २०२ बमोजिमको भुक्तानि सिफारिस।

नोटः कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव माग गर्नुपर्ने अवस्थामा प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरूको सूची (अनुसूचीमा उल्लेख भएबमोजिम) सहित सूचना प्रकाशन गर्नुपर्नेछ।

१.७ निरीक्षण अनुगमन प्रतिवेदन सम्वन्धी :

क. कार्यक्रम कार्यान्विनयका सिलसिलामा भ्रमण गर्नु परेको खण्डमा भ्रमण खर्च नियमावली, २०६४ को परिधिभित्र रही दैनिक तथा भ्रमण भत्ता व्यवस्थापन गर्नुपर्नेछ ।

ख. कार्यक्रमको मुख्य उपलब्धि सहितको कार्यक्रमगत तथा वित्तीय प्रगती प्रतिवेदन त्रैमासिक र वार्षिक रुपमा तयार गर्नुपर्नेछ ।

ग. यस मापदण्डको कुनै विषयवस्तु वा कुनै विषयमा अस्पष्ट भएमा मन्त्रालयबाट जानकारी लिन सकिनेछ।

१.८ कार्यक्रम कार्यान्वयन मापदण्ड परिमार्जन/संशोधन सम्वन्धी

क. यस कार्यक्रम कार्यान्वयन मापदण्ड परिमार्जन/संशोधन गर्नुपरेमा मन्त्रालयको निर्णय अनुसार गर्न सकिनेछ।

कार्यक्रमको ढाँचा परिवर्तन गर्नुपर्ने भएमा वा थप आर्थिक दायित्व सिर्जना हुने अवस्था बाहेकका अन्य परिमार्जन/संशोधन सम्बन्धित महाशाखा प्रमुखले गर्न सक्ने

खण्डः दुइ मापदण्ड

१ योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धी सरोकारवालाहरुबीच प्रदेशस्तरीय कार्यशाला, २०८२

ब.उ.शी.नं.	क्रियाकलाप नं.	खर्च शीर्षक	लक्ष्य	इकाई	विनियोजित रकम (रू)	अवधि (त्रैमासिक)
३५०००११	२.७.८.१८२	२२५२२	३	पटक	५००	पहिलो/दोश्रो/तेस्रो

शीर्षक/विषयवस्तु	विवरण
१ पृष्ठभूमि	हरेक मुलुकका नागरिक एवं श्रमजिविहरुलाई जीवनको प्रारम्भ देखि अन्तिम अवस्थासम्म विभिन्न किसिमका आर्थिक एंव सामाजिक समस्याहरु आई पर्दछन । यस्ता समस्याहरु मानिसको कावु वाहिरको परिस्थितिका कारण श्रृजना हुने गर्दछन र उनीहरु आफैं यस्ता समस्याहरु सहज ढंगले समाधान गर्न असमर्थ रहन्छन । तसर्थ राज्यले आफ्ना नागरिकहरुको जीवनमा मानवीय असावधानी र प्राकृतिक प्रकोपका कारण आइपर्ने असामान्य एवं अनियन्त्रित अवस्थावाट जोगाउन तथा आर्थिक एंव गैर आर्थिक सहयोग एवं संरक्षणका कार्यक्रमहरु मार्फत आफ्ना नागरिकहरुलाई सुरक्षा प्रदान गर्न यस्ता कार्यक्रमहरु गर्दछ । नेपालको संविधानमा श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने संवैधानिक व्यवस्था रहेको छ । योगदानकर्ताहरुलाई उनीहरुले प्राप्त गर्ने सहयोग र संरक्षणका क्षेत्रहरुको जानकारी गराउने उद्देश्यले मन्त्रालयको वार्षिक कार्यक्रममा रहेको सो कार्यक्रम कार्यान्वयनका लागि, गण्डकी प्रदेशको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविध २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेशले यो मापदण्ड निर्माण गरेको हो।
२ कार्यक्रमको उद्देश्य	श्रमिकका समस्याहरुको सहजढंगले समाधान गर्न र संभाव्य जोखिमबाट उत्पन्न हुने असहज परिस्थिति (बृद्धावस्था, बिरामी, सुत्केरी भई आय आर्जन गर्न नसकेको अवस्था र बेरोजगार भएको अवस्थामा सुविधा प्रदान गरी नागरिकको जीवन निर्वाहमा सहजता ल्याउनु) को सामाधान गर्न योगदानकर्ताहरुलाई उनीहरुले प्राप्त गर्ने सहयोग र संरक्षणका क्षेत्रहरुको जानकारी गराउने साथै सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन उत्प्रेरित गर्ने यस कार्यक्रमको उद्धेश्य रहेको छ ।
३ कार्यक्रमका सिद्धान्तहरु	➢ योगदान नगर्नेले यस योजनामा सहभागी हुन पाउदैन ➢ यस योजनामा योगदानकर्ताको भुक्तानीको पूर्ण सुनिश्चितता रहेको हुन्छ ➢ यस योजनाले औपचारिक, अनौपचारिक तथा स्वरोजगार क्षेत्रका सम्पूर्ण श्रम शक्तिलाई समेटदछ । ➢ श्रमिकले योगदानका आधारमा सुरक्षा योजनाबाट सुविधा प्राप्त गर्दछ । ➢ कोषमा रोजगारदाता, श्रमिक र सरकार समेतको योगदान रहन्छ ।
४ सहयोगी निकाय	• जिल्ला प्रशासन कार्यालय

	वा संस्थाहरु	• स्थानीय तह • श्रम तथा रोजगार कार्यालय • सामाजिक सुरक्षा कोषको कार्यालय • जिल्लास्थित सामाजिक विकास कार्यालयहरू • उद्योग बाणिज्य संघ • रोजगारदाता र श्रमिकका संघसंस्थाहरु • आवश्यकता अनुसार अन्य सरोकारवाला निकायहरु
५	कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु	सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।
६	सहभागीहरु	➢ मन्त्रालयका माननीय मन्त्री/सचिव लगायत कर्मचारी ➢ स्थानीय तहका प्रमुख/उप-प्रमुख तथा अध्यक्ष/उपाध्यक्ष तथा कर्मचारीहरु ➢ प्रमुख जिल्ला अधिकारी वा प्रतिनिधि ➢ प्रमुख प्रशासकीय अधिकृत, ➢ उद्योग बाणिज्य संघका प्रमुख तथा प्रतिनिधिहरु ➢ अनौपचारिक क्षेत्रका रोजगारदाता तथा श्रमिकहरु ➢ श्रमिक संगठनहरुका आदिकारीक ट्रेड युनियनहरु ➢ सम्बन्धित विषयसँग सम्बन्धित कार्यालय तथा सस्थाको प्रतिनिधि ।
७	बजेट वाँडफाँट	पूर्व तयारी बैठक खर्च, खाजा/खाना, वैठक भत्ता, तालिम/अन्तरकृया/अभिमुखीकरण/गोष्ठी सञ्चालन , प्रशिक्षक भत्ता, सहभागी यातायात, स्टेशनरी, इन्धन लगायत विविध खर्चहरु
८	कार्य सञ्चालन प्रक्रिया	➢ कार्यक्रम सञ्चालन को लागि पूर्व तयारी बैठक सञ्चालन ➢ कार्यक्रम सञ्चालन गर्न श्रोतव्यक्ति पहिचान ➢ कार्यक्रम सञ्चालन को स्थान तथा मिति निर्धारण ➢ प्रस्तावना तयारी तथा स्वीकृति ➢ सहभागीहरुलाई समन्वय तथा पत्रचार गर्ने ➢ छलफल तथा अन्तरकृया गर्ने विषयबस्तु तयारी ➢ कार्यक्रम सञ्चालन तथा प्रतिवेदन
९	अपेक्षित प्रतिफल	➢ योगदानकर्ताको जीवनमा आइपर्ने आर्थिक सामाजिक समस्याहरुको न्यूनीकरण ➢ राज्यको जनताप्रति र रोजगादाताको श्रमिकप्रतिको उत्तरदायित्व बहन हुने ➢ श्रमिक तथा नागरिकलाई गुणस्तरीय जीवन बाँच्न पाउने नैसर्गिक अधिकारको प्रत्याभूति हुने ➢ योगदानकर्ताको आयको सुरक्षा र सुरक्षित जीवनको सुनिश्चितता रहने ।

२ श्र मक तथा बैदे शक रोजगारीमा गएका श्र मकहरुका परिवारहरुलाई वत्तीय साक्षरता अ भयान कार्यक्रम, २०८२

ब.उ.शी.नं.	क्रियाकलाप नं.	खर्च शीर्षक	लक्ष्य	इकाई	विनियोजित रकम (रू)	अवधि (त्रैमासिक)
३५०००११	२.७.९.९	२२५२२	३	पटक	५ लाख	दोस्रो/तेस्रो

विषयवस्तु	विवरण
प्रस्तावना	वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारहरूबाट बर्षेनी अरबौ रुपैयाँ विप्रेषण भित्रिने गरेको छ । नेपालका धेरै परिवार विप्रेषणमा आश्रित रहेका छन् र नेपालको अर्थतन्त्रमा समेत विप्रेषणको महत्वपूर्ण योगदान रहदै आएको छ । तर प्राप्त विप्रेषणको सही ढंगले उपयोग हुन नसक्दा बैदेशिक रोजगारीमा जाने व्यक्तिले आफ्नो अधिकांश उर्जाशील समय विदेशमै बिताउनु पर्ने बाध्यता रहेको छ । त्यसैगरी स्वदेशमै रोजगारी गर्ने श्रमिकका परिवारहरूले पनि आफ्नो आम्दानीको सदुपयोग गर्न नसक्दा आफ्नो कमाईले दैनिक दुई छाक टार्न बाहेक अतिरिक्त प्रगति हासिल गर्न नसकिरहेको अवस्था छ । दैनिक ज्यालादारी तथा रोजगारीमा आश्रित परिवारलाई आम्दानीको सही उपयोगका लागि घरायसी बजेट बनाउने, आय व्ययको हिसाबकिताव राख्ने, नियमित रुपमा बचत गर्ने जस्ता ज्ञान र सिपको अत्यन्त आवश्यकता पर्दछ। आन्तरिक आम्दानी र बैदेशिक विप्रेषणको सही ढंगले उपयोग गर्न ज्ञान र सिपको अभिवृद्धि गराउने अभिप्रायका साथ आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रममा **श्रमिक तथा बैदेशिक रोजगारीमा गएका श्रमिकहरुका परिवारहरुलाई वित्तीय साक्षरता अभियान कार्यक्रम** राखिएकोले सो कार्यक्रम सहज रुपमा कार्यान्वयनका लागि मन्त्रालयले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि ,२०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरेको हो।
उद्देश्य	• पारिवारिक बजेटको वार्षिक योजना तयार गर्न सिकाउनु, • आय व्ययको हिसाव किताव राख्ने क्षमता बढाउनु, • खर्चमा मितव्ययिता अपनाउने र फजुल खर्च गर्न निरुत्साहित गर्नु, • नियमित रुपमा बचत गर्न उत्प्रेरित गराउनु, • अल्पकालीन, मध्यकालीन र दीर्घकालीन वित्तीय लक्ष्य निर्धारण गर्न सिकाउनु, • जीवन चक्रमा विभिन्न आवश्यकता पुरा गर्न र भविष्यमा आउन सक्ने चुनौती व्यवस्थापन गर्न सक्ने ज्ञान र सिप प्रदान गर्नु, • बैकल्पिक आय आर्जनको स्रोत खोज्न सिकाउनु,
कार्यान्वयन गर्ने निकाय	• सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, पोखरा ।
सहयोगी निकाय वा संस्थाहरु	• स्थानीय निकाय • श्रमिक रिटर्नी आप्रवासी सञ्जाल • रोजगार सूचना केन्द्र तथा सामाजिक विकास कार्यालयहरू • आवश्यकता अनुसार सुरक्षित आप्रवासन सहयोग एकाइ तथा बैदेशिक रोजगार बोर्ड सरोकारवाला विज्ञ र संघसंस्थाहरुबाट पनि प्राविधिक सहयोग लिन सकिने,

बजेट बाँडफाँट	प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार कर्मचारी दै भ्र भत्ता, खाजा/खाना प्रशिक्षक भत्ता, सहभागी यातायात, स्टेशनरी, इन्धन लगायत विविध खर्चहरु
कार्य सञ्चालन प्रक्रिया	• स्रोत व्यक्ति पहिचान गर्ने । • स्थान तथा मिति निर्धारण • कार्यक्रम/प्रस्तावना तयारी तथा स्वीकृति • सहभागीलाई समन्वय र पत्रचार गर्ने • छलफल तथा अन्तरकृया गर्ने विषयबस्तु तयारी • कार्यक्रम सञ्चालन तथा अन्तिम प्रतिवेदन/भुक्तानी **नोट :** वित्तीय साक्षरता कार्यक्रम सञ्चालन नभएका जिल्लालाई प्राथमिकता दिई प्रदेशका ३ स्थानमा सञ्चालन गरिने
अपेक्षित प्रतिफल	• वैदेशिक रोजगारीमा गएका श्रमिकका परिवार तथा स्वदेशमै रोजगारी गर्ने श्रमिक तथा तिनका परिवारहरूले आफ्नो आम्दानी सही सदुपयोग गर्ने तथा फजुल खर्च गर्न नहुने बारेमा वित्तीय ज्ञान हासिल गरेका हुनेछन् ।

३ सुर क्षत आप्रवासन सम्बन्धी (सूचना परामर्शकर्ता, रिटर्नी स्वयंसेवक तथा अन्य कर्मचारी) क्षमता वकास कार्यक्रम, २०८२

ब.उ.शी.नं.	क्रियाकलाप नं.	खर्च शीर्षक	लक्ष्य	इकाई	विनियोजित रकम (रू)	अवधि (त्रैमासिक)
३५०००११	२.७.८.२३९	२२५२२	३	पटक	५००	पहिलो/दोश्रो/तेस्रो
शीर्षक/विषयवस्तु	विवरण					
पृष्ठभूमि	रोजगारी हालको प्रमुख आवश्यकता र प्राथमिकता हो । नेपालको सन्दर्भमा आन्तरिक रोजगारीसँगसँगै वैदेशिक रोजगारी पनि महत्वपूर्ण देखिदै आएको छ। वैदेशिक रोजगारीलाई थप सुरक्षित, व्यवस्थित र मर्यादित तुल्याउनको लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय गरी तीनै तहको संयुक्त प्रयास र साझेदारीमा सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन हुँदै आएको छ। वैदेशिक रोजगारीको फेरिदो शैली र त्यससग जोडिएर आउने विभिन्न घटनाक्रमहरुलाइ सम्बोधन गर्न तथा प्रदेश सरकारको बैदेशिक रोजगारी सम्बन्धी नीति, कार्यक्रम र आगामी रणनीतिहरु बारे जानकारी गराउनका साथै प्रदेश अन्तर्गतका सबै जसो स्थानीय तहहरु (कुल ८५ मध्ये ७२ वटा) मा सुरक्षित वैदेशिक रोजगार कार्यक्रम सघन रुपमा सञ्चालन गर्न यससँग सम्वद्ध कर्मचारीहरुमा आप्रवासी स्रोत केन्द्र/उपकेन्द्रमा रहेका सूचना तथा परामर्शकर्ताहरु र स्थानीय निकायमा रहेका रिटर्नी स्वयंसेवकहरुको क्षमता विकास गर्ने प्रयोजनका लागि **सुरक्षित आप्रावसन सम्बन्धी कर्मचारीको क्षमता विकास कार्यक्रम** राखिएकोले सो कार्यक्रम सहज रुपमा कार्यान्वयनका लागि मन्त्रालयले"**बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को दफा ४१**"						

	ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरेको हो।
कार्यक्रमको उद्देश्य	➢ सुचना तथा परामर्शको कार्यलाई प्रभावकारी बनाउने ➢ रिटर्नी स्वयंसेवकहरुले पुर्याउदै आएको सुचना सम्प्रेषण, सञ्जाल निर्माण लगायतको काममा अझबढी सकृयता ल्याउने । ➢ बैदेशिक रोजगारीमा हुने ठगी उद्धार र राहत रकम प्राप्तिमा प्रभावकारी सहयोग पुर्याउने ➢ कर्मचारीहरुको आपसी सिकाइ तथा अनुभव आदान प्रदान गराउने ।
सहयोगी निकाय वा संस्थाहरु	• स्थानीय तह • सामाजिक विकास कार्यालय • आप्रवासी रिटर्नि सञ्जाल • सुरक्षित आप्रवासन कार्यक्रम प्रदेश कार्यक्रम सहयोग एकाइ • वैदेशिक रोजगार बोर्ड सचिवालय
कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु	सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।
सहभागीहरु	➢ सूचना तथा परामर्शकर्ताहरु, ➢ रिटर्नी स्वयमसेवकहरु, ➢ वित्तीय साक्षरता सहजकर्ता, ➢ मनोसामाजिक परामर्शकर्ता तथा अन्य सम्बन्धित कर्मचारीहरु
बजेट बाँडफाँट	➢ सहभागी दैनिक भ्रमण भत्ता, यातायात खर्च, खाजा, खाना, स्टेशनरी, सहजकर्ताको पारिश्रमिक, इन्धन, लगायत विविध शीर्षकहरुमा खर्च गरिने
कार्य सञ्चालन प्रक्रिया	➢ कार्यक्रमको मोडुल तथा विषयवस्तुको तयारी ➢ कार्यक्रम सञ्चालन गरिने स्थान, मिति र जिल्लाहरु चयन ➢ कार्यक्रम/प्रस्ताव स्वीकृति ➢ कार्यक्रम सञ्चालन ➢ प्रतिवेदन तयारी/भुक्तानी
अपेक्षित प्रतिफल	➢ सुरक्षित आप्रबासनका सूचना परामर्शकर्ता तथा अन्य कर्मचारीको क्षमता अभिवृद्धि हुनेछ ➢ कर्मचारीहरुको आपसी सिकाइ तथा अनुभव आदान प्रदानले कार्यसम्पादनमा सघाउ पुग्नेछ ।

४ सुर क्षत वैदे शक रोजगारी सम्बन्धी जिल्लास्तरीय समीक्षा तथा समन्वय बैठक, २०८२

ब.उ.शी.नं.	क्रियाकलाप नं.	खर्च शीर्षक	लक्ष्य	इकाई	विनियोजित रकम (रू)	अवधि (त्रैमासिक)
३५०००११	२.७.२५.५३९	२२५२२	२	पटक	३००	तेस्रो/चौथो

शीर्षक/विषयवस्तु	विवरण
पृष्ठभूमि	सुरक्षित आप्रवासन कार्यक्रम सवै स्थानीय तहमा सघन रुपमा सञ्चालन नभएको तर सबै स्थानीय तहमा यस सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता र महत्व देखिएकाले कार्यक्रम सञ्चालन भई सकेका स्थानीय तहहरुको अनुभव हासिल गरी सञ्चालन हुन बाँकि रहेका स्थानीय तहहरुमा अनुभव/सिकाई आदानप्रदान र कार्यक्रमको अभिमुखीकरण गर्ने । गत आर्थिक वर्षको स्वीकृत कार्यक्रम के कसरी कार्यान्वयन गरिए र सञ्चालन गर्दा के कस्ता कठीनाइ रहे, प्रगति विवरण के कस्तो रह्यो र हाल सुरक्षित बैदेशिक रोजगारी कार्यक्रम कार्यान्वयनमा रहेको अवस्थाको समीक्षा/मूल्याङ्कन गर्न आवश्यक रहेकोले आ.ब. २०८२/०८३ को बजेट तथा कार्यक्रममा स्थानीय तह र यससँग सम्बन्धित सरोकारवालाहरुसँग **सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी जिल्लास्तरीय समीक्षा तथा समन्वय बैठकको कार्यक्रम** यो मापदण्ड निर्माण गरेको छ।
कार्यक्रमको उद्देश्य	➢ सुरक्षित आप्रबासन कार्यक्रमको सिकाई आदान प्रदान, ➢ आगामी वर्षको कार्यक्रम तय गर्न पृष्ठपोषण लिन, ➢ जिल्लास्तरमा रहेका सरोकारवाला निकायहरु बिच प्रभावकारी समन्वय गराउन, ➢ सुरक्षित बैदेशिक रोजगार सम्बन्धी सेवा प्रवाहलाई व्यवस्थित र मर्यादित बनाउने सम्वन्धमा आवश्यक सहयोग पुर्याउन
सहयोगी निकाय वा संस्थाहरु	• जिल्ला प्रशासन/ईलाका प्रशासन कार्यालय • स्थानीय तह • रोजगार सूचना केन्द्र • सामाजिक विकास कार्यालयहरू • सुरक्षित आप्रवासन प्रदेश सहयोग एकाइ
कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु	सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।
सहभागीहरु	➢ मन्त्रालयका कर्मचारीहरु ➢ स्थानीय तहका जनप्रतिनिधिहरु ➢ प्रमुख जिल्ला अधिकारी वा प्रतिनिधि ➢ ईलाका प्रशासन प्रमुख वा प्रतिनिधि ➢ प्रमुख प्रशासकीय अधिकृत, ➢ सामाजिक विकास कार्यालयका कार्यालय प्रमुख ➢ सामी कार्यक्रमको कर्मचारीहरु,

	➢ सरोकारवाला निकाय तथा संस्थाको प्रतिनिधि ।
बजेट बाँडफाँट	➢ दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, खाजा, खाना, स्टेशनरी, लगायत विविध शीर्षकहरुमा खर्च गरिने
कार्य सञ्चालन प्रक्रिया	➢ कम्तीमा २ वटा जिल्लास्तरीय बैठक सञ्चालन गरिनेछ। बैठक सञ्चालन गर्दा आवश्यकता अनुसार छिमेकी जिल्लाहरुलाई समेत सहभागी गराई सञ्चालन गर्न सकिनेछ।
अपेक्षित प्रतिफल	➢ सुरक्षित आप्रबासन कार्यक्रमको सिकाई आदान प्रदान भई आगामी वर्षको कार्यक्रम तय गर्न पृष्ठपोषण प्राप्त हुनेछ। ➢ जिल्लास्तरमा रहेका सरोकारवाला निकायहरु बिच समन्वय गरी प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन हुनेछ। ➢ कार्यक्रम प्रति सरोकारवाला निकायहरुको अपनत्व बृद्धिमा सहयोग पुग्नेछ। ➢ सुरक्षित बैदेशिक रोजगार सम्बन्धी सेवा प्रवाहलाई संस्थागत गर्नमा सहयोग पुग्नेछ ।

५ ट्रान्सपरेन्सी इन्टरनेशनलसंगको सहकार्यमा सुशासन प्रवर्द्धन सम्वन्धी कार्यशाला, २०८२

ब.उ.शी.नं.	क्रियाकलाप नं.	खर्च शीर्षक	लक्ष्य	इकाई	विनियोजित रकम (रू)	अवधि (त्रैमासिक)
३५०००११	२.७.८.१८४	२२५२२	२	पटक	३००	दोस्रो/तेस्रो/
शीर्षक/विषयवस्तु	विवरण					
पृष्ठभूमि	राज्यको हरेक संयन्त्रलाई जनमुखी बनाई जनताको आवश्यकता अनुसार सेवा प्रवाह गर्नु तथा राज्यले नागरिकलाई उपलब्ध गराउने वस्तु तथा सेवाहरू छिटो छरितो सरल एवं न्यायिक रुपमा उपलब्ध गराई आम नागरिकलाई शासनको सुखद अनुभुति दिलाउनु राज्यको दायित्व हो । सुशासनले राज्यका हरेक क्षेत्रमा दण्डहीनताको अन्त्य गर्दै कानुनी राज्यको वकालत, भ्रष्टाचारमा शुन्य सहनशीलता सहीतको आर्थिक विकास, कानूनको पुर्णपालनाको सुनिश्चितता, जनमुखी एवं पारदर्शी सरकारको अपेक्षा गरेको हुन्छ यही उद्देश्य पुरा गर्नको लागि राज्यका संयन्त्रहरुलाई सकृय र सजग गराउनको लागि सरोकारवालाहरु बिच अन्तर्कृया छलफल गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको र गण्डकी प्रदेशको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०८१ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरिएको छ।						
कार्यक्रमको उद्देश्य	➢ कानूनी राज्य र विधिको शासनको स्थापना गर्नु ➢ पारदर्शिता र जवाफदेहीताको प्रवर्द्धन गर्नु					

	➢ भ्रष्टाचार र अनुशासनहिनताको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउनु ➢ मानवअधिकारको प्रत्याभुती सुनिश्चित पार्नु ➢ सार्वजनिक सेवामा नागरिक अधिकारको सुनिश्चित गर्नु ➢ सेवाग्राही नागरिकमा चेतनाको विकास गर्नु
सहयोगी निकाय वा संस्थाहरु	➢ जिल्ला प्रशासन कार्यालय ➢ जिल्लास्थित संघ, प्रदेश र स्थानीय निकायका कार्यालयहरु ➢ प्रदेश/ जिल्लास्थित पत्रकार महासंघ ➢ जिल्लास्थित नागरिक समाजका संघ संस्थाहरु
कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु	सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा। **ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालसंगको सहकार्यमा सुशासनका लागि नागरिक समाज कास्की**
सहभागीहरु	➢ स्थानीय तहका प्रमुख/उप-प्रमुख तथा अध्यक्ष/उपाध्यक्ष ➢ प्रमुख जिल्ला अधिकारी ➢ प्रमुख प्रशासकीय अधिकृत, ➢ जिल्लास्थित संघ, प्रदेश र स्थानीय निकायका कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु ➢ जिल्लास्थित नागरिक समाजका प्रमुख तथा प्रतिनिधिहरु ➢ अन्य सर्वसाधारण व्यक्तित्वहरु
बजेट बाँडफाँट	➢ खाजा/खाना,तालिम/अन्तरकृया,व्यवस्थापकको होटलवास/यातायात, प्रशिक्षक भत्ता, स्टेशनरी, व्यानर लगायत विविध खर्चहरु
कार्य सञ्चालन प्रक्रिया	➢ सम्वन्धित संस्थासँग कार्यक्रम सञ्चालन सम्बन्धी विस्तृत प्रस्ताव सहित देहायका कागजातहरु माग गर्ने ➢ संस्था दर्ता/नविकरण प्रमाणपत्र ➢ करचुक्ता खुल्ने कागजात ➢ सम्वन्धित संस्थासंग कार्यक्रम सञ्चालन को लागि मापदण्ड बनाइ सम्झौता गर्ने ➢ कार्यक्रम सञ्चालनको प्रतिवेदन, सक्कल विल भर्पाईको आधारमा सोधभर्ना दिने
संस्थाले कार्यसम्पन्न पश्चात पेश गर्नु पर्ने कागजातहरु	➢ मन्त्रालयसँग गरेको सम्झौताको प्रतिलिपि ➢ सम्झौता अनुसार कार्यसम्पन्न प्रतिवेदन ➢ खर्च भएका सक्कल विल भर्पाई (प्रदेश खर्चको मापदण्ड बमोजिम) ➢ सुशासन कार्यशालामा भएको उपस्थिति ➢ कार्यशालाको फोटाहरु ➢ भुक्तानी माग निवेदन (बैंक खाता विवरण समेत)
अपेक्षित प्रतिफल	➢ सेवाग्राही नागरिकमा चेतनाको विकास हुने ➢ पारदर्शिता र जवाफदेहीता बृद्धि हुने ➢ भ्रष्टाचार र अनुशासनहिनतामा कमी आउने ➢ सार्वजनिक सेवामा नागरिक अधिकारको सुनिश्चिता अभिबृद्धि हुनेछ ।

६ म डयासँग सामाजिक वकास, युवा तथा खेलकुद मन्त्रालय, २०४२

ब.उ.शी.नं.	क्रियाकलाप नं.	खर्च शीर्षक	लक्ष्य	इकाई	विनियोजित रकम (रू)	अवधि (त्रैमासिक)
३५०००११	२.७.५.१८५	२२५२२	१	पटक	५००	सबै

शीर्षक/विषयवस्तु	विवरण
पृष्ठभूमि	मन्त्रालयमा आर्थिक वर्ष ०८२/०८३ मा रहेका स्वीकृत वार्षिक कार्यक्रमका साथै मन्त्रालयबाट सम्पादन भएका तथा सम्पादन हुने विभिन्न क्रियाकलापहरूको बारेमा सरोकारवालाहरूमा जानकारी गराई मन्त्रालयको प्रभावकारिता अभिवृद्धि गर्नको लागि प्रदेश अन्तर्गत सञ्चालित विभिन्न मिडिया/रेडियोबाट कार्यक्रमको संकलन/प्रसारण तथा अन्तरकृया गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको हो।
कार्यक्रमको उद्देश्य	सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयबाट सञ्चालन हुने कार्यक्रमको प्रचारप्रसार गरी प्रभावकारिता बृद्धि गर्नु
कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु	सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।
बजेट वाँडफाँट	➢ कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च ➢ मिडिया / रेडियो कार्यक्रमको लागि लाग्ने खर्चहरु।
कार्यक्रम सञ्चालन प्रक्रिया	➢ प्रदेशस्तरका मिडिया एवं रेडियोहरूसँग समन्वय ➢ कार्यक्रम सञ्चालनको प्रारूप एवं तालिका तयारी ➢ मिडिया /रेडियोसँग जानकारीमूलक सूचनाहरु प्रसारण गर्न सम्झौता गर्ने ➢ कार्यक्रम सञ्चालन/अन्तरकृया ➢ प्रतिवेदन तयारी/भुक्तानी मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित विषयवस्तुहरुमा मिडियाहरुसँगको समन्वयमा अन्तरक्रिया,छलफल र सेमिनार समेत सञ्चालन गर्न सकिनेछ ।
अपेक्षित प्रतिफल	➢ सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयका कार्यक्रमहरूको प्रचारप्रसार गरी प्रभावकारिता अभिवृद्धि भएको हुने

७ वैदे शक रोजगारी सम्बन्धी सचेतनामूलक अन्तर क्रया कार्यक्रम

	ब.उ.शी.नं.	क्रियाकलाप नं.	खर्च शीर्षक नम्बर	लक्ष्य	इकाई	विनियोजित रकम (रू)	अवधि (त्रैमासिक)
	३५०००१२	२.६.४.३०९	२२५१२	४	पटक	४५०	पहिलो/दोस्रो/तेस्रो
	शीर्षक/विषयवस्तु	विवरण					
	पृष्ठभूमि	रोजगारी हालको प्रमुख आवश्यकता र प्राथमिकता हो । नेपालको सन्दर्भमा आन्तरिक रोजगारीसँगसँगै वैदेशिक रोजगारी पनि महत्वपूर्ण रहेको छ । स्थानीय तहहरुमा रहेका रोजगार सेवा केन्द्र मार्फत आन्तरिक रोजगारी प्रवर्द्धन तथा वैदेशिक रोजगार व्यवस्थापन सम्बन्धी कार्यहरु गर्दै आइरहेका सन्दर्भमा प्रदेश सरकारले रोजगार सूचना केन्द्र मार्फत सुरक्षित वैदेशिक रोजगारका निम्ति लिएका लक्ष्य तथा उद्देश्यहरु प्राप्तिको निम्ति स्थानीय तहसँगको सहकार्य र समन्वयमा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने हुन्छ। वैदेशिक रोजगारी सम्बन्धी विभिन्न किसिमले हुने ठगी न्यूनीकरण, उचित सूचना परामर्श, सिप तालिमको महत्व र मनोसामाजिक परामर्श लगायतका सूचना एंव सेवाहरु सबै स्थानीय तहहरु मार्फत सबै नागरिकहरुको पहुचँमा पुऱ्याई वैदेशिक रोजगारीसँग सम्बन्धी समस्या न्यूनीकरण गर्ने र गर्न सघाउने अभिप्रायका साथ आ.ब. २०८२/०८३ को बजेट तथा कार्यक्रममा **स्थानीय तह र यस सँग सम्बन्धित सरोकारवालाहरुसँग "बैदेशिक रोजगारी सम्बन्धी सचेतनामूलक अन्तरक्रिया कार्यक्रम" को तय गरी कार्यान्वयनको लागि मापण्ड निर्माण गरिएको छ** ।						
	कार्यक्रमको उद्देश्य	• बैदेशिक रोजगारीलाई व्यवस्थित मर्यादित बनाउन बैदेशिक रोजगारमा जान श्रम स्वीकृत प्राप्त देशमा मात्र जाने र विदेशमा रहदा आइपर्ने समस्याहरुको समाधानका उपाय बारेमा सचेतना गराउने। • वैदेशिक रोजगारीबाट फर्केका युवाहरु लाई पुनः विदेश नगई प्राप्त ज्ञान सिप र पूँजीको स्वेदशमानै सदुपयोग गर्न सक्ने वातावरण सृजनाको लागि सचेतना जगाउने । • बैदेशिक रोजगारीमा जाने नागरिकलाई आबश्यक पूर्व सचेतना प्रदान गर्ने तथा बैदेशिक रोजगारीबाट फर्केका ब्यक्तिहरुको अनुभवको आदानप्रदान गर्ने। • बैदेशिक रोजगारमा जाने र रोजगारीबाट फर्कने व्यक्तिहरुको विवरण संकलन एवं अद्यावधि गर्ने । • रोजगार विनिमय सेवा कार्यान्वयनमा सहयोग गरी केन्द्रलाई सम्पर्क केन्द्रको रुपमा विकास गर्ने ।						

		• प्रदेश र स्थानीय दुवै तहका सरकारहरुले सञ्चालन गर्ने सुरक्षित बैदेशिक रोजगार सम्वन्धी कार्यक्रममा एकरुपता ल्याई बैदेशिक रोजगारलाई सुरक्षित बनाउन आपसमा सूचना आदान प्रदान गर्ने ।
	सहयोगी निकाय वा संस्थाहरु	• सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय • स्थानीय तह • गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान/ CTEVT • सामाजिक विकास कार्यालयहरू • सुरक्षित आप्रवासन सहयोग एकाइ • आवश्यकतानुसार अन्य निकाय/व्यक्ति
	कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु	• रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा ।
	सहभागीहरु	• स्थानीय तहका जनप्रतिनिधिहरु, • स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारीहरु • रोजगार संयोजक/सहसंयोजक, • बैदेशिक रोजगारीमा जान लागेका/ फर्केका/प्रभावित व्यक्तिहरु, • सामी कार्यक्रमका सूचना परामर्शकर्ता लगायत अन्य कर्मचारी, • सरोकारवाला निकाय / संस्थाको प्रतिनिधि ।
	बजेट वाँडफाँट	• गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार खाजा/खाना, वैठक भत्ता, तालिम/अन्तरकृया/गोष्ठी सञ्चालन, प्रशिक्षक भत्ता, सहभागी यातायात, स्टेशनरी, इन्धन लगायत विविध खर्चहरु
	कार्य सञ्चालन प्रक्रिया	• सुरक्षित आप्रवासन कार्यक्रम लागू नभएका स्थानीय तहहरुको सूची तयार गरी कम्तीमा ४ वटा कार्यक्रम सञ्चालन गरिनेछ ।
	अपेक्षित प्रतिफल	• आफ्ना स्थानीय तह भित्रका जनप्रतिनिधि, वैदेशिक रोजगारीमा जाने, गएका र जान चाहनेहरुको लागि सुरक्षित वैदेशिक रोजगारीका बारेमा जानकारी प्राप्त हुने भयो ।

८ स्थानीय तहका रोजगार संयोजकहरुसँग रोजगार वनिमय सेवा/रोजगार पोर्टल सञ्चालन सम्बन्धी अन्तर क्रया कार्यक्रम

	ब.उ.शी.नं.	क्रियाकलाप नं.	खर्च शीर्षक	लक्ष्यत	इकाई	विनियोजित रकम (रू)	अवधि (त्रैमासिक)

	३५०००१२	२.६.४.३४८	२२५१२	३	पटक	४६५	पहिलो/दोस्रो/तेस्रो/चौथो
	शीर्षक/विषयवस्तु	विवरण					
	पृष्ठभूमि	प्रदेश सरकारले लिएका लक्ष्य तथा उद्देश्यहरु प्राप्तिको निम्ति स्थानीय तहसँगको सहकार्य र समन्वय गरी रोजगार सूचना केन्द्रबाट सञ्चालन हुने रोजगार विनिमय सेवालाई प्रभावकारी, व्यवस्थित र प्रविधिमैत्री बनाउन तयार पारिने रोजगार पोर्टल सञ्चालन गर्नको लागि स्थानीय तहका रोजगार संयोजक तथा कर्मचारीलाई दक्ष बनाई रोजगारदाता र रोजगारी खोज्ने व्यक्तिहरु विचमा पुलको काम गरि बेरोजगार न्युनीकरणको लागि आ.ब. २०८२/०८३ को बजेट तथा कार्यक्रममा **स्थानीय तहका रोजगार संयोजकहरुसँग रोजगार विनिमय सेवा/रोजगार पोर्टल सञ्चालन सम्बन्धी अन्तरक्रिया कार्यक्रम** राखिएकोले, गण्डकी प्रदेशको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०८१, को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरेको हो।					
	कार्यक्रमको उद्देश्य	• रोजगार सूचना केन्द्रको परिचय गराउने तथा प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध अभिबृद्धी गर्न। • स्थानीय तहका रोजगारदाता र वेरोजगार ब्यक्तिहरुको लगत संकलन गर्न सहकार्य गर्ने बातावरण तयार पार्ने। • बेरोजगार तथा सिपयुक्त जनशक्तिलाई रोजगारदाताहरुलाई आबश्यक जनशक्तिको माग बमोजिम आपूर्ति गर्ने, रोजगार विनिमय सेवालाई प्रभावकारीरुपमा कार्यान्वयनगरी बेरोजगारीको संख्यामा कमी ल्याउने। • सिपयुक्त जनशक्ति तयार पार्न सञ्चालन हुने विभिन्न सिपमूलक तालिम कार्यक्रमको प्रचारप्रसारमा सहयोग गरी आपसी सहकार्य अभिबृद्धी गर्ने। • स्थानीय तहको रोजगार सेवा केन्द्र मार्फत रोजगार पोर्टल सञ्चालनमा सहयोग पुग्ने ।					
	सहयोगी निकाय वा संस्थाहरु	• सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय • स्थानीय तह, • सामाजिक विकास कार्यालयहरू • उधोग वाणिज्य महासंघ • सुरक्षित आप्रवासन सहयोग एकाइ • आवश्यकतानुसार अन्य निकाय/व्यक्ति					
	कार्यक्रम	• रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा।					

	कार्यान्वयन गर्ने निकायहरु	
	सहभागीहरु	• स्थानीय तहका रोजगार संयोजक/सहायक कर्मचारी । • सामाजिक विकास कार्यालयको कार्यालय प्रमुख । • सम्बन्धित जिल्लाको उद्योग वाणिज्य महासंघको प्रतिनिधि । • सामी कार्यक्रमसंग सम्वन्धित कर्मचारी • सरोकारवाला निकाय/संस्थाको प्रतिनिधि
	बजेट बाँडफाँट	• गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार खाजा/खाना, बैठक भत्ता, तालिम/अन्तरकृया/गोष्ठी सञ्चालन, प्रशिक्षक भत्ता, सहभागी यातायात, स्टेशनरी, इन्धन लगायत विविध खर्चहरु
	कार्य सञ्चालन प्रक्रिया	• भौगोलिक क्षेत्र अनुसार स्थानीय तहहरुको समूह (कलस्टर) तयार गरी कार्यक्रम सञ्चालन गरिनेछ।
	अपेक्षित प्रतिफल	• रोजगारदाता र बेरोजगार व्यक्ति एक आपसमा यस रोजगार पोर्टल मार्फत जोडिन सहज हुने। • ८५ वटै स्थानीय तहका रोजगार संयोजक/सहायकलाई रोजगार सूचना केन्द्रको जानकारी भई आपसी समन्वयमा एकिकृत रुपमा बेरोजगारहरुको लगत संकलन, रोजगार पोर्टल सम्बन्धी जानकारी, रोजगार विनिमय सेवा, रोजगारदाताहरुको लगत संकलन, बैदेशिक रोजगारी सम्बन्धी जानकारी, यस केन्द्र र स्थानीय तहसँग समन्वय र सहकार्य अभिबृद्धि हुने।

९ रोजगारदाता, मजदुर ट्रेड युनियन तथा रोजगारसँग सम्बन्धित सरोकारवाला निकायहरुसँग रोजगार वनिमय सेवा/रोजगार पोर्टल सम्बन्धी अन्तर क्रया कार्यक्रम

	ब.उ.शी.नं.	क्रियाकलाप नं.	खर्च शीर्षक	लक्ष्य	इकाई	विनियोजित रकम (रू)	अवधि (त्रैमासिक)
	३५०००१२	२.६.४.३४९	२२५१२	२	पटक	२००	पहिलो/दोस्रो/तेस्रो/चौथो
	शीर्षक/विषयवस्तु	विवरण					
	पृष्ठभूमि	श्रम बजारमा रोजगारदाताहरुले आफूलाई चाहिने दक्ष जनशक्ति नपाउनु र र रोजगार खोज्ने बेरोजगार ब्यक्तिहरुले आफ्नो सिप अनुसारका चाहेको रोजगारी नपाउनु समस्याको रुपमा रहेको देखिन्छ। यसैलाई मध्यनजर गरी रोजगार सूचना केन्द्र मार्फत रोजगार विनिमय सेवा दिने कार्यहरु गर्दै आइरहेका सन्दर्भमा रोजगार सूचना केन्द्र मार्फत प्रदेश सरकारले लिएका लक्ष्य तथा उद्देश्यहरु प्राप्तिको निम्ति सम्बन्धित निकायहरुसँगको सहकार्य र समन्वय गरी रोजगारी खोज्ने, रोजगारी दिने, साथै रोजगारीसँग सम्बन्धी समस्या न्यूनीकरण गर्ने अभिप्रायका साथ आ.ब. २०८२/०८३ को बजेट तथा कार्यक्रममा **रोजगारदाता, मजदुर ट्रेड युनियन तथा रोजगारसँग सम्बन्धित सरोकारवाला निकायहरुसँग रोजगार विनिमय सेवा/रोजगार पोर्टल सम्बन्धी अन्तरक्रिया कार्यक्रम** राखी यो मापदण्ड निर्माण गरीएको छ।						
	कार्यक्रमको उद्देश्य	• रोजगार विनिमय सेवा बारेमा जानकारी गराइ रोजगारदाता, मजदुर ट्रेड युनियन तथा रोजगारसँग सम्बन्धित सरोकारवाला निकायहरुसँगको अन्तरसम्बन्ध अभिबृद्धी गर्न। • रोजगारदाताहरुको पहिचान तथा विबरण अद्यावधिक गर्ने । • रोजगार सूचना केन्द्र र रोजगारदाताहरु बिच सहकार्यका क्षेत्रहरुको पहिचान गर्ने। • बेरोजगार तथा सिपयुक्त जनशक्तिलाई रोजगारदाताहरुलाई आबश्यक जनशक्तिको माग बमोजिम आपूर्ति गर्ने माध्यम बनाई बेरोजगारीको संख्यामा कमी ल्याउने। • देशमा विद्यमान वेरोजगारीलाई न्युनीकरण गर्ने कार्यमा प्रदेश सरकार र रोजगारदाता बिचमा सहकार्यको अभिबृद्धी गर्ने ।						
	सहयोगी निकाय वा संस्थाहरु	• सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय • सामाजिक विकास कार्यालयहरु • उद्योग वाणिज्य महासंघ/उद्योग परिसंघ/उद्योग वाणिज्य सम्बन्धित छाता						

		संगठनहरु • मजदुर, ट्रेड युनियनहरु।ट्रेड युनियन सम्बन्धी संघसंस्थाहरु • सुरक्षित आप्रबासन सहयोग एकाइ • रोजगारदाता उद्योग व्यवसायीहरु • सरोकारवाला निकाय/व्यक्ति
	कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु	• रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा।
	सहभागीहरु	• उद्योगी व्यवसायी लगायतका रोजगारदाताहरु । • मजदुर ट्रेड युनियन तथा रोजगारसँग सम्बन्धित सरोकारवाला निकायहरु, • उद्योग वाणिज्य महासंघको प्रतिनिधि • सामाजिक विकास कार्यालयको कार्यालय प्रमुख • सरोकारवाला अन्य निकाय/व्यक्ति
	बजेट बाँडफाँट	• प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार खाजा/खाना, बैठक भत्ता, प्रशिक्षक भत्ता, सहभागी यातायात, स्टेशनरी, इन्धन लगायत विविध खर्चहरु
	कार्य सञ्चालन प्रक्रिया	• भौगोलिक क्षेत्र अनुसार कलस्टर तयार गरी कार्यक्रम सञ्चालन गरिनेछ। • सम्भव भएसम्म आधिकाधिक औद्योगिक क्षेत्र भएको स्थानमा कार्यक्रम सञ्चालन गरिने।
	अपेक्षित प्रतिफल	• रोजगारदाता, मजदुर ट्रेड युनियन तथा रोजगारसँग सम्बन्धित सरोकारवाला निकायहरुलाई यस केन्द्रको रोजगार विनिमय सेवा सम्बन्धी जानकारी हुने। • बेरोजगार व्यक्ति र रोजगारदातालाई जोड्ने पुलको काम गर्ने । • बेरोजगारी न्यूनीकरणमा सहयोग पुग्ने। • रोजगार पोर्टल सञ्चालनमा रोजगारदातालाई दक्ष बनाई रोजगार विनिमय सेवा प्रभावकारी रुपमा सञ्चालन हुने।

१० महिला उद्यमीहरुको ला ग रोजगार वनिमय सेवा सम्बन्धी सचेतनामूलक कार्यक्रम

	ब.उ.शी.नं.	क्रियाकलाप नं.	खर्च शीर्षक	लक्ष्य	इकाई	विनियोजित रकम (रू)	अवधि (त्रैमासिक)
	३५०००१२	२.६.४.३५०	२२५१२	१	पटक	१००	पहिलो/दोस्रो/तेस्रो/चौथो
	शीर्षक/विषयवस्तु	विवरण					
	पृष्ठभूमि	महिला उद्यमीहरुसँग सहकार्य र समन्वय गरी रोजगार सूचना केन्द्रबाट सञ्चालन हुने रोजगार विनिमय सेवालाई प्रभावकारी, व्यवस्थित र मर्यादित बनाउनका लागि यो कार्यक्रम राखिएको हो । महिला उद्यमीहरुले सञ्चालन गरेको उद्योग व्यवसायमा काम गर्ने जनशक्तिको सहज आपूर्तिकोलागि उनिहरुलाई रोजगार विनिमय सेवाको बारेमा जानकारी गराइ रोजगारी खोज्ने, रोजगारी दिने दुवै पक्षको मेल गराइ बेरोजगारी समस्या न्यूनीकरण गर्ने तथा रोजगारदाताको व्यवसायमा पनि श्रमिकको सहज आपूर्ति हुने अभिप्रायका साथ आ.ब. २०८२/०८३ को बजेट तथा कार्यक्रममा **महिला उद्यमीहरुको लागि रोजगार विनिमय सेवा सम्बन्धी सचेतनामूलक कार्यक्रम** राखि यो मापदण्ड निर्माण गरेको छ।						
	कार्यक्रमको उद्देश्य	• रोजगार विनिमय सेवाको बारेमा जानकारी गराउने तथा महिला उद्यमीहरुसँगको अन्तरसम्बन्ध अभिबृद्धी गर्ने। • महिला उद्यमी रोजगारदाताहरुको पहिचान तथा विबरण अद्यावधिक गर्ने। • प्रदेश सरकार, रोजगार सूचना केन्द्र र महिला उद्यमी बिच सहकार्यका क्षेत्रहरुको पहिचान गर्ने। • रोजगार सूचना केन्द्रको रोजगार विनिमय सेवालाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने । • सिपयुक्त जनशक्ति तयार पार्ने तालिम कार्यक्रमको प्रचारप्रसार गरी आपसी सहकार्य बृद्धी गर्ने। • देशमा विद्यमान वेरोजगारीलाई न्युनिकरण गर्ने कार्यमा प्रदेश सरकार र महिला उद्यमीहरु बिचमा सहकार्यको अभिबृद्धी गर्ने । • यस केन्द्रको रोजगार विनिमय पोर्टल सम्बन्धी जानकारी हासिल भई कर्मचारीको माग गरि छनौट गर्न यस पोर्टलबाट सहयोग मिल्ने भयो ।						
	सहयोगी निकाय वा संस्थाहरु	• सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय • सामाजिक विकास कार्यालयहरु • उद्योग वाणिज्य महासंघ/महिला उद्यमीहरुको संघ संगठन/छाता संगठन						

		• सुरक्षित आप्रबासन सहयोग एकाइ • सरोकारवाला अन्य निकाय/व्यक्ति
	कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु	• रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा।
	सहभागीहरु	• महिला उघमी लगायतका रोजगारदाताहरु । • बैदेशिक रोजगारबाट फर्कि उद्योग व्यवसाय सञ्चालन गरेका महिलाहरु • बेरोजगार महिला • सिप तालिम लिएका महिलाहरु • अन्य सरोकारवाला निकाय/व्यक्ति
	बजेट बाँडफाँट	• प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार खाजा/खाना, बैठक भत्ता, प्रशिक्षक भत्ता, सहभागी यातायात, स्टेशनरी, इन्धन लगायत विविध खर्चहरु
	कार्य सञ्चालन प्रक्रिया	• महिला उघमीहरु भएको ठाउँको सूची तयार गरी कार्यक्रम सञ्चालन गर्ने।
	अपेक्षित प्रतिफल	• बेरोजगारी न्यूनीकरण हुने। • रोजगार पोर्टल सञ्चालनमा महिला उघमीहरुलाई दक्ष बनाई रोजगार विनिमय सेवा प्रभावकारी रुपमा सञ्चालन हुने। • महिला उघमीहरुसँगको सहकार्य र समन्वयमा उघमीहरुलाई आवश्यक रहेको जनशक्तिहरु यस रोजगार पोर्टल मार्फत उपलब्ध गराउन सहयोग पुग्नेछ।

११ वैदे शक रोजगारीबाट फर्केका श्र मकहरुको पुनःएकीकरण सम्बन्धी अ भमुखीकरण कार्यक्रम

	ब.उ.शी.नं.	क्रियाकलाप नं.	खर्च शीर्षक	लक्ष्य	इकाई	विनियोजित रकम (रू)	अवधि (त्रैमासिक)
	३५०००१२	२.६.६.३२	२२५१२	१	पटक	१०४	पहिलो/दोस्रो/तेस्रो/चौथो
	शीर्षक/विषयवस्तु	विवरण					
	पृष्ठभूमि	नेपालको सन्दर्भमा आन्तरिक रोजगारीसँगसँगै वैदेशिक रोजगारीमा जानेहरुसँगै फर्किनेहरुको क्रम पनि उत्तिकै छ ।बैदेशिक रोजगारीको क्रममा विदेशी संस्कृतीको प्रभाव परेको तथा विभिन्न कारणबाट पारिवारिक वेमेल भएको तथा स्वदेशको सामाजिक परिवेशमा घुलमिलमा कमी आउनसक्ने समस्या समाधानको **बैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरुको पुनःएकीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम** राखि यो मापदण्ड निर्माण गरेको छ।						
	कार्यक्रमको उद्देश्य	• बैदेशिक रोजगारबाट फर्किएकाहरुलाई समाजमा पुनःएकीकरणमा सहयोग र सहजीकरण गर्ने, • विदेशबाट रोजगार गरि फर्केका युवा उद्यमी/रिटर्नि आप्रवासीलाई व्यवसाय शुरु गर्न बिउ पूँजी र व्याज अनुदान बारेमा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्ने। • रिटर्नि आप्रवासीको पारिवारिक पुनःमिलन गराउने • रिटर्नि आप्रवासीलाई वाह्य संस्कृती प्रभाव कम गरी सामाजिक अन्तरघुलन गराउने ।						
	सहयोगी निकाय वा संस्थाहरु	• सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय • सामाजिक विकास कार्यालयहरु • आप्रबासी श्रमिक सञ्जाल तथा संघसंगठन • वैदेशिक रोजगार बोर्ड सचिवालयको प्रतिनिधि • अन्य सरोकारवाला निकाय/व्यक्ति						
	कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु	• रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा।						
	सहभागीहरु	• मन्त्रालयका कर्मचारीहरु । • सामाजिक विकास कार्यालयको कार्यालय प्रमुख • आप्रबासी श्रमिक सञ्जालका प्रतिनिधिहरु ।						

		• वैदेशिक रोजगार बोर्ड सचिवालय • बैदेशिक रोजगारबाट फर्केका व्यक्ति तथा तिनका परिवार। • सरोकारवाला निकायका प्रतिनिधिहरु
	बजेट बाँडफाँट	• प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार खाजा/खाना, बैठक भत्ता, प्रशिक्षक भत्ता, सहभागी यातायात, स्टेशनरी, इन्धन लगायत विविध खर्चहरु
	कार्य सञ्चालन प्रक्रिया	• वैदेशिक रोजगारमा जाने र फर्किएकाहरु धेरै भएका स्थानीय तहहरुको सूची तयार गरी त्यहाँ बाट छनोट गरी कार्यक्रम सञ्चालन गरिनेछ। • आप्रवासीहरुको संघ संगठनहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ।
	अपेक्षित प्रतिफल	• रिटर्नि आप्रवासीको पारिवारिक पुनःमिलन भएको हुनेछ । • रिटर्नि आप्रवासीलाई वाह्य संस्कृति प्रभाव कम गरी सामाजिक अन्तरघुलन हुने । • विदेशबाट रोजगार गरी फर्केका युवाहरुलाई पुनः विदेश नगई प्राप्त ज्ञान सिप र पूँजीको प्रयोग गरी स्वेदशमा नै उद्यम व्यवसाय गर्न सहयोग पुग्ने।

- माथि उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्दा प्रचलित आर्थिक ऐन तथा नियमावलीमा व्यवस्था भए अनुसार खर्च गरिनेछ ।
- माथि उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्दा आवश्यकता र उपयुक्तताको आधारमा एक भन्दा बढी कार्यक्रमहरु एकैसाथ मर्ज गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

१२ छोटो तथा लामो अव धको व्यावसायिक तथा सपमूलक ता लम सञ्चालन सम्बन्धी मापदण्ड, २०८२

<u>प्रस्तावनाः</u>

नेपालको संविधानको धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गरेको छ। श्रम गर्न योग्य हरेक नागरिकलाई काम गर्न पाउने अवसर सुनिश्चितताको लागि स्वरोजगारमूलक व्यावसायिक तालिमहरूको अवसर उपलब्ध हुन आवश्यक छ। अतः आन्तरिक तथा वाह्य श्रमबजारलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न तथा स्वदेशमै रोजगारी र उद्यमशीलताको अवसर सिर्जना गर्ने गरी दैनिक रूपमा बिदेश पलायन भइरहेको सक्रिय र उत्पादनशील जनशक्तिलाई स्वदेशमै रोक्ने वातावरण सिर्जना गर्न आवश्यकतानुसार छोटो तथा लामो अवधिका व्यावसायिक तथा सिपमूलक तालिम कार्यक्रमहरू सञ्चालन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सरकार, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी देहायको मापदण्ड बनाएको छ।

परिच्छेद १

<u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (क) यो कार्यविधिको नाम "छोटो तथा लामो अवधिको व्यावसायिक तथा सिपमूलक तालिम सञ्चालन सम्बन्धी मापदण्ड, २०८२" रहेको छ ।

(ख) यो मापदण्ड सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "मन्त्रालय" भन्नाले सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, पोखरालाई सम्झनु पर्छ ।

(ख) "मन्त्री" भन्नाले गण्डकी प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रीलाई सम्झनु पर्छ र यो शब्दले राज्यमन्त्री र सहायक मन्त्रीलाई समेत जनाउँछ ।

(ग) "सचिव" भन्नाले सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिवलाई सम्झनु पर्छ र यो शब्दले सचिवको जिम्मेवारी वहन गर्ने अन्य कर्मचारीलाई समेत जनाउँछ ।

(घ) "महाशाखा प्रमुख" भन्नाले प्रशासन तथा योजना महाशाखा प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नाले व्यावसायिक तथा सिप विकास तालिम केन्द्रहरू, रोजगार सूचना केन्द्र र सामाजिक विकास कार्यालयलाई सम्झनु पर्छ ।

(च) "प्रतिष्ठान" भन्नाले गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानलाई सम्झनुपर्छ।

(छ) "संस्था" भन्नाले कानुन वमोजिम दर्ता भएका सार्वजनिक तथा निजी तालिम प्रदायक संस्था र सामाजिक संघ संस्था समेतलाई सम्झनु पर्छ ।

(ज) "लामो अवधिको तालिम" भन्नाले ३ महिने (३९० कार्य घण्टा) सो भन्दा बढी अवधिको तालिमलाई सम्झनु पर्दछ ।

(झ) "छोटो अवधिको तालिम" भन्नाले ७ कार्यदिन (३५ कार्य घण्टा) देखि ४५ कार्यदिन (२२५ कार्य घण्टा) सम्मका अवधिको तालिमलाई सम्झनु पर्दछ ।

परिच्छेद २

तालिम सञ्चालनका प्रक्रिया र विधिहरु

३. कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्थाः

(क) मन्त्रालय वा मन्त्रालय मातहत रहेका तालिम केन्द्र, प्रतिष्ठान, सामाजिक विकास कार्यालय एवं अन्य निकायहरू मार्फत तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(ख) मन्त्रालय तथा कार्यालयको कार्यचाप, समयावधि एवं जनशक्ति उपलब्धताको अवस्थालाई मध्यनगर गर्दै मन्त्रालय तथा कार्यालयले बाह्यस्थलमा सञ्चालन गर्नुपर्ने तालिम कार्यक्रमहरू सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को अधीनमा रही तालिम प्रदायक संस्थाहरूसँग सम्झौता गरी सञ्चालन गर्न सक्नेछ।

(ग) सम्बन्धित स्थानीय तह र सरकारी निकायसँगको सहकार्यमा पनि आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(घ) तालिम सञ्चालनको लागि आवश्यक पर्ने खर्च सम्बन्धी व्यवस्था अनुसुची-१ मा तोकिए बमोजिम हुनेछ।

(ङ) सञ्चालन गरिने तालिमहरु अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछन्।

४. कार्यक्रमको लक्षित समूहः यस कार्यक्रमको लक्षित समूह अन्तर्गत गण्डकी प्रदेशका १८ देखि ४५ वर्ष उमेर समूहभित्र पर्ने नागरिकहरू हुनेछन् तर मिनिटिलर (कृषि हलो) मर्मत तालिम, वाध्यवादन, पञ्चेवाजा जस्ता कृषिसँग सम्बन्धित तालिम तथा परम्परागत पेशा एवम् सँस्कृति जोगाउने किसिमका तालिमको हकमा १८ देखि ५० वर्ष उमेर हद कायम हुनेछ।

५. प्रशिक्षार्थीहरुको छनौट प्रक्रियाः प्रशिक्षार्थीहरूको छनौट देहायबमोजिम हुनेछः

(क) प्रशिक्षार्थी छनौटका लागि कम्तीमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आव्हान गरिनेछ।प्रथम पटकको सूचनामा प्रशिक्षार्थीहरुको संख्या नपुगेमा पुनः ७ दिनको सूचना आव्हान गरिनेछ। उक्त सूचनाको म्याद भित्र समेत संख्या नपुगेमा उक्त स्थानको तालिमलाई अन्यत्र स्थानान्तरण गर्न सकिनेछ ।

(ख) यस तालिम केन्द्रबाट कुनै विषयमा तालिम लिइसकेपछि कम्तिमा दुई वर्ष नभई अर्को विषयको तालिम लिन पाइनेछैन तर उक्त तालिमसंग सम्वन्धित स्तरवृद्धिका तालिमहरु लिन कुनै बाधा पर्ने छैन जस्तै मोटरसाइकल मर्मतको तालिम लिनेले अटोमोवाइलको तालिम लिन सक्ने त्यस्तै कुनै विषयका आधारभूत तालिम लिएकाहरुले त्यसैसंग सम्वन्धित एडभान्स तालिम लिन सक्नेछन । यसैगरी सिलाइ तालिम लिएकाहरुले बुटिक डिजाइन तालिम लिन सक्नेछन ।

(ग) इच्छुक योग्य उम्मेदवारहरूले अनुसूची-३ बमोजिमको दरखास्त फारम भर्नुपर्नेछ।

(घ) उपदफा (२) अनुसार दरखास्त दिने आवेदकहरुको संख्या तोकिएको संख्याभन्दा बढी भएमा अन्तर्वार्ता विधि मार्फत प्रशिक्षार्थी छनौट गरिनेछ । प्रशिक्षार्थी छनौटका लागि देहाय बमोजिमको प्रशिक्षार्थी छनौट समिति रहनेछ र समितिले नै छनौटका आधारहरु तय गर्नेछ ।

(अ) तालिम केन्द्र/प्रतिष्ठान/कार्यालयको हकमाः

क) तालिम केन्द्र/प्रतिष्ठान/कार्यालयको प्रमुख -	संयोजक
ख) मन्त्रालय अधिकृतस्तरको प्रतिनिधि	सदस्य
ग) लेखा प्रमुख -	सदस्य
घ) सम्बन्धित विषयको प्रशिक्षक/सहायक प्रशिक्षक	सदस्य
ङ) प्रशासन/योजना शाखा प्रमुख -	सदस्य सचिव

(आवश्यकता अनुसार अन्य सरकारी निकायहरूबाट विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ)

(आ) स्थानीय तहमा सञ्चालन हुने तालिमको हकमाः

क) तालिम केन्द्र/प्रतिष्ठान/कार्यालयको प्रमुख -	संयोजक
ख) स्थानीय तह/जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि -	सदस्य
ग) सम्बन्धित विषयको प्रशिक्षक/सहायक प्रशिक्षक	सदस्य
घ) लेखा प्रमुख/प्रशासन प्रमुख -	सदस्य सचिव

(आवश्यकता अनुसार स्थानीय तहको जनप्रतिनिधिलाई समेत आमन्त्रण गर्न सकिनेछ)

६. **<u>तालिम सञ्चालन हुने स्थानः</u>** तालिम कार्यक्रमहरू सम्वन्धित तालिम केन्द्र, स्थानीय तह वा प्रशिक्षार्थीहरुलाई पायक पर्ने स्थानमा सञ्चालन हुनेछ। तालिम सञ्चालनको मिति र समय सूचनामा तोकिएबमोजिम हुनेछ।

७. **<u>पाठ्यक्रम र अवधिः</u>** सञ्चालन गरिने तालिमको पाठ्यक्रम र अवधि नेपाल सरकार वा गण्डकी प्रदेश सरकार तथा नेपाल सरकारको तालिम चलाउने आधिकारीक संस्थाबाट तयार भएका आधिकारिक पाठ्यक्रम बमोजिम हुनेछ। स्वीकृत पाठ्यक्रम उपलब्ध हुन नसकेमा सम्बन्धित विज्ञको सहभागितामा कार्यालयले तयार गरेको पाठ्यक्रम मन्त्रालयले स्वीकृत गरेपछि लागु हुनेछ।

परिच्छेद ३

<u>तालिम प्रदायक संस्थामार्फत तालिम सञ्चालन हुने विधि</u>

८. **<u>रोष्टर तयार गर्नेः</u>** मन्त्रालय तथा मातहतका तालिम सञ्चालन गर्ने कार्यालयहरुले सिप तालिम नलिएका नागरिकहरुको लागि तालिम प्रदान गर्न तालिम प्रदायक संघ संस्थाहरुसँग निवेदन माग गरी निवेदनका आधारमा संघसंस्थाहरूलाई सूचीकृत गरिनेछ। यसरी सूचीकृत हुन आएका तालिम प्रदायक संघसंस्थाहरुको रोष्टर तयार गरी राखिनेछ।

९. **<u>आर्थिक/प्राविधिक प्रस्तावको माग र मूल्याङ्कनः</u>**

(क) दफा (८) बमोजिम सूचीकृत हुन आएका तालिम प्रदायक संस्थाहरुबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरिनेछ । प्राविधिक प्रस्ताव अनुसूची ४ र आर्थिक प्रस्ताव अनुसूची ५ बमोजिम हुनेछ। प्रस्ताव पेश गर्दा निम्नानुसारका कागजातहरू पेश गर्नुपर्नेछः

- संस्था दर्ता/समूह दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपी
- नवीकरण गर्नुपर्ने भएमा नवीकरणको प्रतिलिपी
- कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी
- सूचनामा तोकिएबमोजिमका अन्य कागजातहरूको प्रतिलिपी

(ख) प्राविधिक प्रस्ताव मूल्याङ्कनको आधार यसै दफाको उपदफा (घ) बमोजिम हुनेछ ।

(ग) छनौट भएका तालिम प्रदायक संस्था मार्फत तोकिएको स्थानमा तालिम सञ्चालन गरिनेछ ।

(घ) प्राविधिक प्रस्तावको माग तथा मूल्याङ्कन गर्दा देहायका आधारमा गरिने छ ।

अ) तालिम केन्द्रको भौतिक पूर्वाधारको अवस्था र क्षमता

आ) तालिम प्रदान गर्ने विषयविज्ञको उपलव्धता

इ) विगतमा तालिम चलाएको अनुभव

ई) तालिम चलाउने अनुमति प्राप्तिको अवस्था

उ) अन्य (अडिट, कालो सूची, पुरस्कार/प्रशंसा पत्र आदि)

(ङ) मूल्याङ्कनबाट छनौट भएका तालिम प्रदायक संस्थाहरुको सूची प्रकाशित गरिनेछ। तत् पश्चात सम्झौता गरी तालिम सञ्चालन हुनेछ ।

माथि जुनसकै कुरा लेखिएको भएता पनि सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा प्रचलित कानुनले तोकिएबमोजिमका प्रक्रियाको हकमा सोही बमोजिम हुनेछ ।

१०. **आर्थिक प्रस्तावको मूल्याङ्कनः** आर्थिक प्रस्तावको मूल्याङ्कन सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुनेछ।

११. **मूल्याङ्कन समितिः**

(क) दफा (९) बमोजिम प्राप्त भएका प्रस्तावहरूको प्राविधिक मूल्याङ्कन गर्न देहायबमोजिमको मुल्याङ्कन समिति रहनेछ । मूल्याङ्कनको अंकभार विभाजन अनुसूची-६ मा उल्लेख भए बमोजिम हुनेछ।

(अ) तालिम केन्द्र/प्रतिष्ठान/कार्यालय/स्थानीय तहमा सञ्चालन हुने तालिमको हकमा मूल्याङ्कन समितिः

क) तालिम केन्द्र/प्रतिष्ठान/कार्यालयको प्रमुख -	संयोजक
ख) मन्त्रालयको अधिकृत प्रतिनिधि (श्रम तथा रोजगार शाखा हेर्ने) -	सदस्य
ग) लेखा प्रमुख -	सदस्य
घ) संयोजकले तोकेको विषय विज्ञ -	सदस्य
ङ) प्रशासन/योजना प्रमुख -	सदस्य सचिव

(आवश्यकता अनुसार अन्य सरकारी निकायहरूबाट विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ)

१२. **भुक्तानी सम्बन्धी व्यवस्थाः** तालिम प्रदायक संस्थाले तोकिएको कार्यक्रम सम्पन्न भएपछि भुक्तानीका लागि देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ।

(१) सम्बन्धित तालिम प्रदायक निकायको भुक्तानी माग निवेदन ।

(२) तालिम र सहभागीहरुको नामावली विवरण

(३) प्रशिक्षक तथा सहभागिहरुको हाजिरी विवरण,

(४) खर्चका विल भर्पाइहरु,

(५) तालिम सञ्चालनका फोटोहरु,

(६) अनुगमनकर्ताको अनुगमन प्रतिवेदन,

(७) अनुसूची-७ बमोजिमको ढाँचामा तालिम सम्पन्न भएको प्रतिवेदन,

(८) उत्पादनमूलक तालिमको हकमा उत्पादित सामानको दाखिला प्रतिवेदन ।

(९) तालिम सम्पन्न भएको व्यहोरा सहितको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।

(१०) सि.टि.इ.भि.टि. का आङ्गिक तथा सम्बन्धन प्राप्त तालिम प्रदायक संस्थाको हकमा व्यवस्थापन समितिको वैठकको खर्च अनुमोदनको निर्णय तथा भुक्तानीको लागि सिफारिस पत्र ।

माथि जुनसकै कुरा लेखिएको भएता पनि सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा प्रचलित कानुनले तोकिएबमोजिमका प्रक्रियाको हकमा सोही बमोजिम हुनेछ ।

१३. प्रशिक्षक सम्बन्धी व्यवस्था :

(१) सामान्यतया २० जना प्रशिक्षार्थीको लागि एकजना प्रशिक्षक रहनेछ ।

(२) मन्त्रालय वा मातहतका तालिम प्रदायक निकायहरुले स्वीकृत तालिम कार्यक्रममा उल्लेख भएको मौजुदा प्रशिक्षकबाट सञ्चालन हुने तालिम कार्यक्रम सञ्चालन गर्दा अनिवार्य रूपमा आफ्नै कार्यालयमा कार्यरत प्रशिक्षक/सहायक प्रशिक्षकलाई खटाउनुपर्नेछ। बाह्य तालिमका लागि कार्यालयमा प्रशिक्षक/सहायक प्रशिक्षकको अभाव भएमा मन्त्रालयको पूर्व स्वीकृति लिई बाह्य प्रशिक्षक/सहायक प्रशिक्षकलाई तालिम अवधी भर सेवा करारमा लिन सकिनेछ।

(३) तालिम सञ्चालन गर्नको लागि आवश्यकताअनुसार प्रशिक्षकको सूची (Roster) तयार गरिनेछ।

(४) उद्यमशीलता विकास तालिमका लागि प्रशिक्षक सूची (Roster) तयार पार्दा स्नातक उपाधि (सीप परीक्षण तह २) हासिल गरी प्रशिक्षक प्रशिक्षण तालिम (TOT) लिइसकेको प्रशिक्षक छनौट गर्नुपर्नेछ।उल्लेखित योग्यता भएका प्रशिक्षक उपलब्ध नभएका तह १ (लेवल १) उत्तिर्ण भएका प्रशिक्षकलाई समेत छनौट गर्न सकिनेछ ।

(५) परम्परागत पेसा तथा व्यवसायहरूसँग सम्बन्धित तालिमको हकमा औपचारिक उपाधि प्राप्त प्रशिक्षक नभेटिएमा विषय विज्ञताको आधारमा प्रशिक्षक छनौट गर्न सकिनेछ।

१४. कार्यक्रमको अनुगमनः कार्यक्रमको अनुगमन आवश्यकता अनुसार मन्त्रालय तथा कार्यालयबाट हुनेछ र अनुगमनका लागि आवश्यकताअनुसार विषय विज्ञहरुलाई समेत खटाउन सकिनेछ

साथै तालिम प्रदायक संस्था/प्रतिष्ठान/कार्यालयले तालिम सम्पन्न गरेको प्रतिवेदन एक हप्ताभित्र मन्त्रालय/कार्यालयमा अनिवार्य पेश गर्नु पर्नेछ ।

१५. **तालिमको क्रममा उत्पादित उपभोग्य बस्तहरुको नियमानुसार बिक्री गर्नु पर्नेछ।बिक्री तथा वितरणका लागि देहाय बमोजिमको मूल्यमा निर्धारण समिति गठन गरिनेछः**

क. केन्द्र प्रमुख	अध्यक्ष
ख. मन्त्रालयको अधिकृतस्तरको प्रतिनिधि	सदस्य
ग. सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रतिनिधी	सदस्य
घ. प्र.ले.नि.का/को.ले.नि.का को प्रतिनिधि	सदस्य
ङ आर्थिक प्रशासन शाखाको प्रमुख	सदस्य
च. सम्बन्धित विषयको विज्ञ	सदस्य
छ. भण्डारण शाखाको प्रमुख	सदस्य सचिव

उल्लेखित समितिबाट निर्धारण भएको मूल्यमामा उत्पादित सामान सम्बन्धित तालिमका प्रशिक्षार्थीलाई बिक्रीवितरण गर्न प्राथमिकता दिईनेछ । प्रशिक्षार्थी आफूले तालिमको क्रममा तयार गरेको सबै वस्तु आफैले खरिद गरेमा प्रोत्साहन स्वरुप एकमुष्ट सहुलियत मूल्य कायम गरी निजलाई बिक्री गर्न सकिनेछ । प्रथम पटक कायम भएको मूल्यमामा उक्त सामानहरु बिक्रीवितरण नभएमा पुनः उक्त समितिको वैठक वसी दर घटाई मूल्यमा कायम गर्नेछ ।उक्त मूल्यमामा समेत बिक्रीवितरण हुन नसकेमा प्रक्रियाअनुसार लिलामी गर्नु पर्नेछ। लिलाम गर्दा समेत उक्त सामानहरु कसैले सकार नगरेमा अनाथालय, शिक्षालय तथा वृद्धाश्रम जस्ता कल्याणकारी संस्थाहरुमा कार्यालयले निर्णय गरी वितरण गर्न सक्नेछ ।

१६. **बाधाअड्काउ फुकाउने अधिकारः** यस मापदण्ड कार्यान्वयनमा कुनै बाधाअड्काउ परेमा केन्द्र प्रमुखले त्यस्तो बाधाअड्काउ फुकाउन सक्नेछ, तर कार्यक्रमको कार्यान्वयनको ढाँचा र थप आर्थिक दायित्व पर्ने विषयमा मापदण्डमा सम्सोधन गर्नु परेमा मन्त्रालयमा लेखि पठाउनु पर्नेछ ।

खण्ड तीन अनुसूची

अनुसूची -१

(दफा ३ को उपदफा (घ) संग सम्वन्धित)

तालिम सञ्चालनका लागि आवश्यक खर्चको विवरण

सि.नं	विवरण	पारिश्रमिक तथा आर्थिक व्यवस्था	कैफियत
१.	मान्यता प्राप्त शिक्षण संस्थावाट सम्बन्धित विषयमा स्नातक उत्तीर्ण वा जुनसुकै विषयमा डिप्लोमा गरी दुई तहको सिप परीक्षणमा उत्तीर्ण भएको वा सम्बन्धित विषयको विज्ञ	मासिक रा.प. तृतीय श्रेणी वा अधिकृतस्तर छैंटौको सुरू तलव स्केल वा सम्झौता बमोजिम ।	
२.	मान्यता प्राप्त शिक्षण संस्थावाट सम्बन्धित विषयमा प्रमाणपत्र वा जुनसुकै विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी एक तहको सिप परीक्षण उत्तीर्ण वा सम्बन्धित विषयको विज्ञ	मासिक रा.प.अनं. प्रथम श्रेणी वा सहायकस्तर पाँचौंको सुरू तलव स्केल वा सम्झौता बमोजिम	
३.	मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी उत्तीर्ण गरी एकतहको सिप परीक्षण उत्तीर्ण भएको	मासिक रा.प.अ.न. द्वितीय श्रेणी वा सहायकस्तर चौथोको सुरू तलव स्केल वा सम्झौता बमोजिम	
४.	परम्परागत ज्ञान, सिप र प्रविधिको हस्तान्तरण गर्ने सिप तथा क्षमता भएको प्रशिक्षक	मासिक रा.प.अ.न. प्रथम श्रेणी वा सहायकस्तर पाँचौंको सुरू तलव स्केल वा सम्झौता बमोजिम	
५.	प्रशिक्षक/प्रशिक्षार्थी खाजा खर्च	प्रति दिन प्रति व्यक्ति रु. ७५।-	
६.	तालिम सामग्री, औजार, उपकरण खरिद/मर्मत/ भाडा (तालिमको प्रकृति र सहभागी संख्याअनुसार)	लागत अनुमानका आधारमा बढीमा रु. ३०,०००।— सम्म (तालिमको प्रकृति र सहभागी संख्या अनुसार)	
७.	तालिमको कच्चा पदार्थ	• प्रति सहभागी प्रति महिना बढिमा रु. ४,००० सम्म (लामो अवधि (३ महिने)को तालिमको लागि) • प्रति सहभागी बढीमा रु ८,०००।- सम्म (४५ कार्यदिन अवधिको तालिमको लागि) • प्रति सहभागी बढीमा रु. ७,०००।- सम्म (३० कार्यदिन अवधिको तालिमको लागि) • प्रति सहभागी बढीमा रु. ४,०००।- सम्म (१५ कार्यदिन अवधिको तालिमको लागि) • प्रति सहभागी बढीमा रु. ३,०००।- सम्म (७ कार्यदिन अवधिको तालिमको लागि)	लागत अनुमानका आधारमा
८.	तालिम हलको भाडा	• प्रति तालिम रु १५,०००।-(लामो अवधिको लागि) • प्रति तालिम बढीमा रु. ८०००।- (३० कार्य दिन भन्दा बढि ४५ कार्यदिनसम्म छोटो अवधिको	स्थानीय बजार भाउको आधारमा

		तालिमको लागि) • प्रति तालिम बढीमा रु. १५००।- सम्म (१५ कार्य दिनसम्मको छोटो अवधिको तालिमको लागि)	
९.	अभिमुखीकरण, प्रशिक्षार्थी छनौट, अनुगमन, प्रचारप्रसार, सूचना प्रकाशन	रु. ३०,०००।- (प्रति तालिम) (तालिमको क्रममा भ्रमण गर्नु परेमा भ्रमण खर्च नियमावली बमोजिम दैनिक भ्रमण भत्ता पाउनेछ।	लामो अवधिको तालिम अवधिभर ५ पटक र छोटोका लागि ४ पटक भन्दा बढी अनुगमन सुविधा लिन पाइने छैन ।
१०.	प्रशासनिक एवं व्यवस्थापन खर्च (तालिमको उद्घाटन, समापन, स्टेशनरी, प्रमाणपत्र छपाई, तथा विविध खर्च)	तालिमको अवधिअनुसार बढीमा रु. ३०,०००।- सम्म	लागत अनुमानका आधारमा ।

अनुसूची -२

(दफा ३ को उपदफा (ङ) संग सम्वन्धित)

सञ्चालन गरिने तालिमहरू

शिक्षा सम्बन्धी

- मन्टेश्वरी

सौन्दर्य तथा कस्मेटिक सम्बन्धी

- ब्युटिसियन
- कपाल काट्ने (बार्बर)
- नङ सजावट (नेल आर्ट)
- कपाल सजावट (हेयर स्टाइल)

सिलाई तथा बुनाई सम्बन्धी

- आधारभूत/एड्भान्स सिलाई कटाई
- टेलर मास्टर
- फेशन/बुटिक डिजाइनर
- हाते कढाई (बुट्टा/सितारा हाल्ने/छाप्ने)
- होजियारी (धागोबाट कपडा/पोशाक बुन्ने)
- ढाका बुनाई

हस्तकला सम्बन्धी

- खेलौना तथा कुशन बनाउने
- बेत/बाँसको सामग्री बनाउने
- काष्ठकला, मूर्तिकला
- थारू संस्कृतिको मौलिक सामग्री
- अगरबत्ती/मैनबत्ती/साबुन/स्यानीटाइजर/मास्क
- क्रिस्टल माला

अटोमोबाइल सम्बन्धी

- साइकल/मोटरसाइकल मर्मत
- हाते ट्र्याक्टर मर्मत
- अटो मेकानिक
- अटो पेन्टर
- ड्राइभिङ (लाइट/हेभी)
- लेथ मेशिन अपरेटर

कम्युटर सम्बन्धी

- कम्प्युटर (सफ्टवयर)
- कम्युटर (हार्डवयर)

मेकानिकल सम्बन्धी

- वेल्डिङ
- स्टील तथा यु.पी.भी.सी. फेब्रिकेटर

विद्युत सम्बन्धी

- आधारभूत/एड्भान्स विद्युत जडान

इन्जिनियरिङ सम्बन्धी

- आन्तरिक सजावट (इन्टेरियर डेकोरेटर)

इलेक्ट्रोनिक्स सम्बन्धी

- मोबाईल फोन मर्मत
- टि.भी. मर्मत
- फ्रिज तथा वासिङ मेसिन मर्मत
- सिलाई मेसिन मर्मत
- कम्प्युटर मर्मत
- चुलो तथा कुकर मर्मत
- मोटर, पंखा लगायत विद्युतीय सामग्री मर्मत

निर्माण सम्बन्धी

- प्लम्बर
- मार्बल/टायल फिटर
- सटरिङ/स्काफोल्डिङ
- जिप्सन फिटर
- प्लास्टरर
- पेन्टर (रङ लगाउने)
- सिकर्मी
- डकर्मी
- ग्याबिन जाली बुन्ने

निर्माण सामग्री सम्बन्धी

- ब्याक हो लोडर अपरेटर
- क्रेन अपरेटर
- एक्स्काभेटर अपरेट
- कंक्रिट मिक्सर अपरेटर

आतिथ्य तथा पर्यटन सम्बन्धी

- कुक
- मिठाई तथा खाजा (स्वीट्स एण्ड स्न्याक्स मेकर)
- वेटर/वेट्रेस
- बेकरी एण्ड फास्ट फुड
- बारिस्टा
- बार टेन्डर
- फ्रन्ट डेस्क सहायक
- ट्रेकिङ/क्यानोनिङ/न्याफ्टीङ गाइड
- होमस्टे सञ्चालन

परम्परागत पेसासँग सम्बन्धी

- सुनचाँदीका गहना बनाउने
- छालाको जुत्ता/चप्पल/ज्याकेट/पेटी बनाउने
- मौलिक बाजाहरू बनाउने/बजाउने/मर्मत गर्ने
- फलामको औजारहरू बनाउने

<u>कृषि तथा पशुपालन सम्बन्धी</u> • च्याउ खेती • मौरीपालन/कुखुरापालन/बाख्रापालन/गाइपालन/भैंसीपालन • बेमौसमी तरकारी खेती • फुलको नर्सरी	• तामा, काँस, पित्तल आदिको भाँडाहरू बनाउने • माटोको भाँडाहरू बनाउने • बाँस, निगालो, पराल, छ्वाली, बाबियो, मकैको खोस्टा जस्ता प्राकृतिक रेसाहरूबाट मौलिक सामग्रीहरू बनाउने, वाद्यवादन, पञ्चेवाजा लगायतका तालिम केन्द्रले आवश्यक देखेका अन्य तालिमहरु

अनुसूची -३

फोटो

दफा ५ को उपदफा (ख) सँग सम्बन्धित

आवेदन फाराम

मिति: ....

...................................ज्यू,
....

विषय- तालिममा सहभागी हुन पाउँ।

....मन्त्रालय/कार्यालयको मिति .... को सूचना बमोजिम मलाई..................... सम्वन्धी सिप विकास तालिममा सहभागी भई क्षमता विकास गर्ने/रोजगार बन्ने इच्छा भएको हुँदा उक्त तालिममा सहभागि हुने अवसर प्रदान गरीदिनुहुन अनुरोध गर्दछु। मेरो व्यक्तिगत तथा पारिवारिक विवरण यसप्रकार रहेको छ।

नाम थरः...
स्थायी ठेगाना :..........................
अस्थायी ठेगाना :.....................
सम्पर्क फोन नः...........
ईमेलः........
शैक्षिक योग्यता :......................
जन्म मिति :............................
विवाहित/अविवाहित :.....................
श्रीमान/श्रीमतिको नाम :..
हाल अपनाइ रहेको पेशा वा व्यवसाय :..मासिक आय : रु...............................
यो भन्दा अघि कुनै तालिम प्राप्त गरेको भए :..
श्रीमान/श्रीमतीले कुनै पेशा व्यवसाय गरेको भए :... र मासिक आय : रु ....
मुख्य आम्दानीको श्रोत : √ लगाउने

क) कृषि　ख) जागिर　ग) बैदेशिक रोजगार　घ) व्यवसाय　ङ) अन्य

पारिवारिक विवरण :

बाबु/आमाको नाम :..
पेशा :.....................
सासु/ससुराको नाम :...
पेशा :......................
माथि उल्लिखित विवरण सहि साँचो हो झुट्टा ठहरे कानुन बमोजिम सहुला बुझाउँला।

आवेदक

नाम : ....
दस्तखत ....
मो.नंः-

आवेदकको प्रतिवद्धताः-

म निवेदकले यस भन्दा अगाडी प्रदेश सरकार तथा नेपाल सरकारले प्रदान गरेका कुनै पनि तालिममा समावेश नभएको तथा नलिएको स्वघोषणा गर्दछु । यो तालिम प्राप्त गरेपछि स्वरोजगार बन्ने वा तालिमको सदुपयोग गर्न प्रयास गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

सहिछापः

अनुसूची -४

(दफा ९ को (क) सँग सम्बन्धित)

प्राविधिक प्रस्तावको नमुना

१. संस्थाको परिचयः

२. उद्देश्यः

३. भौतिक पूर्वाधार

- प्रयोगशाला/जग्गा/घर कम्पाउण्डको क्षेत्रफलः....... (फोटो फिचर सहित) ।
- तालिम उपकरण र प्रशिक्षण सामाग्रीको विवरणः
- प्रशिक्षण अनुभव भएका जनशक्ति र तिनको व्यक्तिगत विवरण (CV): (तालिमसँग सम्बन्धित विषयमा अनुभव भएको प्रशिक्षकको व्याक्तिगत विवरण साथै निजबाट तालिम सञ्चालन गर्ने प्रतिवद्धता पत्र)
- पानी/शौचालय/टेलिफोन/विद्युत/यातायातको सुविधा सम्बन्धी विवरणः
- संस्थाको सांगठानिक संरचना (कुन कुन पदमा कुन कुन कर्मचारीको जिम्मेवारी के छ खुलाउने)
- सम्बन्धित विषयको तालिम सञ्चालन गर्ने अनुमति पत्र

४. कार्य अनुभव र रोजगारीको स्थिति

- संस्थाको पछिल्लो ३ वर्षको कार्य अनुभव (संस्थाले हालसम्म सञ्चालन गरेका तालिमका विषय, तालिमको अवधि, प्रशिक्षार्थी संख्या, कुन संस्थासँग समन्वय गरी सञ्चालन गरिएको हो खुलाउने):
- यस पूर्व नेपाल सरकारको यस्तो प्रकृतिको तालिम सञ्चालन गरेको भए सो को विवरण
- पुरस्कार/प्रशंसा पत्र आदि प्राप्त गरेको छ भने सो को विवरण

५. आर्थिक तथा व्यवस्थापन प्रक्रिया क्षमता

- पहिल्लो तिन वर्षको वासलात (नाफा/नोक्सान) अडिट रिपोर्ट

- अडिट गर्ने नगरेको भए के कति काम कुन संस्था सँग गरिएको हो सम्झौता समेत राखी आधिकारिक व्यक्तिबाट प्रमाणित गरी पेश गर्नुपर्नेछ

६. संस्था स्थापना मिति र सो संस्था कालो सूचीमा परे/नपरेको स्वघोषणा

अनुसूची -५

(दफा ९ को (क) सँग सम्बन्धित)

आर्थिक प्रस्तावको नमुना

तालिमको अवधिः

कुल बजेट :

प्रशिक्षार्थी संख्या :

तालिम सञ्चालन स्थान :

तालिम अवधि :

क्र.स.	कार्य विवरण	लागत रकम रु (प्रस्तावित कर सहित)	संस्थाले कबोल गरेको रकम रु	अक्षरमा	कैफियत
१	प्रशिक्षक तलव				
२	तालिम औजार उपकरण खरिद/भाडा/मर्मत खर्च				
३	तालिम कच्चा पदार्थ				
४	तालिम हल				
५	व्यवस्थापन खर्च				
६	उद्घाटन समापन खर्च				
७	प्रशिक्षार्थी खाजा				
८	प्रशिक्षक खाजा				
९	विविध खर्च				

अनुसूची ६

(दफा ११ (क) सँग सम्बन्धित)

प्रस्तावको प्राविधिक मूल्याङ्कनको आधार र अंक विभाजन :

क) तालिम केन्द्रको भौतिक पूर्वाधारको अवस्था	३५ अंक
ख) तालिम प्रदान गर्ने विषय विज्ञको उपलव्धता	२५ अंक
ग) विगतमा तालिम चलाएको अनुभव	२० अंक
घ) तालिम सञ्चालको कानुनी मान्यता तथा आवद्धताको अवस्था	१५ अंक
ङ) विविध तथा अन्य विशेषता	५ अंक
जम्माः	**१०० अंक**

अनुसूची-७

(दफा १२ को उपदफा (७) सँग सम्बन्धित)

तालिम सम्पन्न प्रतिवेनको ढाँचा

१. तालिमको विषय र अवधि :

२. तालिमको उदेश्य :

३. तालिम सञ्चालन स्थान :

४. तालिम सञ्चालित मिति : .... देखि .... सम्म ।

५. प्रशिक्षक र सहायक प्रशिक्षकको नाम र ठेगाना :

६. तालिम प्रकृया :

७. प्रशिक्षार्थीहरुको जम्मा संख्या : .... जना (महिला ...... जना र पुरुष .... जना)

८. प्रशिक्षार्थीहरुको विवरण :

क्र.सं.	नाम र ठेगाना	उमेर	लिङ्ग		शैक्षिक योग्यता	हाजिरी दिन	सिप परीक्षणमा उत्तिर्ण/अनुत्तिर्ण	सम्पर्क फोन नं.	कैफियत
			महिला	पुरुष					

९. तालिमको खर्च विवरण :

क्र.सं.	तालिमको नाम	बजेट	जम्मा खर्च	बाँकी बजेट	कैफियत

१०. शिर्षकगत खर्च विवरण :

क्र.सं.	खर्चको शिर्षक	खर्च रु.	कैफियत
१	प्रशिक्षक/ सहायक प्रशिक्षक पारिश्रमिक		
२	अभिमुखीकरण / प्रशिक्षार्थी छनौट / अनुगमन / मूल्याङ्कन /प्रचारप्रसार / सूचना प्रकाशन		
३	प्रशिक्षक र सहभागीको खाजा खर्च		
४	सहभागीको मसलन्द (स्टेश्नरी) खर्च		
५	तालिमको कच्चा पदार्थ खरिद खर्च		
६	तालिम सामाग्री र औजार उपकरण खरिद/ मर्मत/भाडा खर्च		
७	सिप परीक्षण खर्च (CTEVT को मापदण्ड वा सम्झौता बमोजिम)		

८	हलभाडा खर्च		
९	प्रशासनिक/व्यवस्थापन खर्च		
जम्मा			

११.उपलब्धिहरु :

१२.तालिमबाट उत्पादित सामानको विवरण र अवस्था :

१३.प्रशिक्षकबाट सहभागीहरुको मूल्याङ्कन :

१४.तालिमको सैद्धान्तिक र प्रयोगात्मक सिकाईको अवस्था :

१५.सिप परीक्षणमा उत्तिर्ण / अनुत्तिर्ण संख्या :

१६.तालिमको क्रममा सृजित समस्या तथा सवालहरु :

१७.तालिम सञ्चालन पश्चात प्रशिक्षार्थीहरुको मनोभावना :

१८.सुधारका सुझावहरु (कार्य योजना सहित)

....

प्रशिक्षक तालिम सञ्चालन गर्ने निकायको प्रमुख